# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३८ | काठमाडौं | मंगलबार, २४ चैत २०८२ | Prabhab National Daily | Tuesday, 07 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


चुनावी हारको समीक्षामा नेकपा

## कम्युनिस्ट हराउन साम्राज्यवादी षड्यन्त्र !




- एमसिसीदेखि निर्वाचनसम्मै साम्राज्यवादी शक्तिको नांगो रूप प्रकट भएको वरिष्ठ नेता झलनाथ खनालको टिप्पणी
- कम्युनिस्ट आन्दोलनलाई समाप्त पार्नेगरी षड्यन्त्र भइरहेको नेता जगन्नाथ खतिवडाको भनाइ
- नेता अग्नि सापकोटाको टिप्पणी: कम्युनिस्टहरूलाई हराउन रास्वपा र बालेनलाई प्रयोग गरियो

■ **जेबी योञ्जन**

**काठमाडौं–** पछिल्लो ३५ वर्षको अवधिमा यसपटक नेपालका कम्युनिस्ट पार्टीहरू सर्वाधिक कमजोर भएपछि पश्चिम-बंगालमाजस्तै मासिन सक्ने टिप्पणीबीच नेपाली कम्युनिस्ट पार्टी (नेकपा) गम्भीर समीक्षामा जुटेको छ। चुनाव सम्पन्न भएको एक महिनापछि हारको समीक्षामा जुटेको नेकपामा केही नेताले 'साम्राज्यवादी षड्यन्त्र' हारको मुख्य कारक औंल्याएका छन्।

संयोजक पुष्पकमल दाहालको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार बसेको बैठकमा बोलेका सात जनामध्ये अधिकांश नेताहरूको विचारमा नेपालमा कम्युनिस्ट पार्टी मास्ने उक्त शक्तिको मुख्य ध्येय छ। जेन-जी विद्रोह र गत निर्वाचनमा कम्युनिस्ट पार्टीहरूलाई कमजोर बनाउन नांगो रूपमा उक्त प्रकट भएको पनि उनीहरूको आरोप छ। अमेरिकालाई नेपाली कम्युनिस्टहरू साम्राज्यवादी शक्तिको अर्थ्याउँछन्।

सोमबारको बैठकमा नेकपा नेता झलनाथ खनाल, अग्नि सापकोटा, वामदेव गौतम, जगन्नाथ खतिवडा, किरण पुन, भानुभक्त जोशी, प्रेमबहादुर सिंह, सुनिल मानन्धरलगायतमध्ये अधिकांश नेताले जेन-जी आन्दोलनदेखि लिएर निर्वाचनसम्मका गतिविधिले साम्राज्यवादी षढयन्त्र प्रस्ट देखिने तर्क गरे। 'यिनीहरू जसरी अगाडि बढे, कम्युनिस्ट आन्दोलनलाई समाप्त नपारी यिनीहरू रोकिनेवाला छैनन्। यसको राजनीतिक प्रतिवाद जरुरी छ,' नेता खतिवडाले बैठकमा भने।

क्रमशः पृष्ठ २ मा





### ओली र लेखकमाथिको अनुसन्धान बिहीबारसम्म नसके थुनामुक्त गर्न सर्वोच्चको आदेश

समाचार पृष्ठ २ मा

# निजी सञ्चारमाध्यममा विज्ञापन रोक्ने सरकारी निर्णय संघीयताविरोधी कदम



सहकार्य, सहमति र सहअस्तित्व भन्ने छ संविधानमा। तर संघीय सरकारबाट आदेशात्मक तरिकाले आएको छ। यो मिल्दो पनि छैन। १५ दिनमा छाप्नुपर्ने विज्ञापन सरकारीमामात्र जाँदा 'क्यु'मा बस्नुपर्ने हुन्छ। निजी पत्रिकालाई दिए पनि सरकारीलाई दिए पनि रेट निर्धारण गरे त भइहाल्यो नि।

■ **भीम ढुंगाना**
अध्यक्ष, नगरपालिका संघ




सार्वजनिक खरिद ऐनमा टेण्डरका सूचना राष्ट्रियस्तरका दैनिक पत्रिकामा गर्नुपर्छ भन्ने छ। यसको वर्गीकरण प्रेस काउन्सिलले गर्छ। कुन 'क', कुन 'ख' वर्गका भनेर। अब हामीले गोरखापत्रमा पालो पर्खेर बस्ने त ? यसका लागि त कि सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्‍यो।

■ **लक्ष्मी पाण्डे**
अध्यक्ष, गाउँपालिका महासंघ



संघ, प्रदेश र स्थानीय सरकारको आफ्नै नीति नियम हुन्छन्। यसमा संघीय सरकारले दिएको आदेश प्रदेश र स्थानीय तहले मान्नैपर्छ भन्ने छैन।

■ **खिमलाल देवकोटा**
संघीयताविद्



एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले निजी सञ्चारमाध्यमलाई विज्ञापन दिन रोक लगाएको विषय संघीयताविरोधी कदम भएको सरोकारवालाहरूले बताएका छन्। संविधानतः देशमा तीन तहको सरकार रहेकामा संघीय सरकारले निर्देशनात्मक ढंगले विज्ञापन रोक्न आदेश दिनु नियन्त्रणमुखी भएको उनीहरूको भनाइ छ।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले यस्तै साना विषयबाट सरकारले स्थानीय सरकारलाई नियन्त्रण गर्न खोजेको आरोप लगाए। 'सहकार्य, सहमति र सहअस्तित्व भन्ने छ संविधानमा। तर संघीय सरकारबाट आदेशात्मक तरिकाले आएको छ। यो मिल्दो पनि छैन,' अध्यक्ष ढुंगानाले भने।

सरकारी सञ्चारमाध्यम एउटैमात्र भएको र १५ दिनभित्र छाप्नुपर्ने विज्ञापन लाइनमा बस्नुपर्दा कतिपय काम ढिला हुनेसमेत उनले बताए। यसका लागि संघीय सरकारले एकद्वारभन्दा विज्ञापनमा एकदर नीति लिनुपर्ने उनको सुझाव छ। '१५ दिनमा छाप्नुपर्ने विज्ञापन सरकारीमामात्र जाँदा क्युमा बस्नुपर्ने हुन्छ। निजी पत्रिकालाई दिए पनि सरकारीलाई दिए पनि दररेट निर्धारण गरे त भइहाल्यो नि। निजीले त्यो रेटमा छाप्न नसकेमात्र सरकारीमा जाने हो,' ढुंगानाले भने, 'तर नदिने भनेर ठाडै नियन्त्रणमुखी भयो। सानोतिनो कुराबाट स्थानीय सरकारको अधिकार कटौती गर्न खोजेको हो कि जस्तो लागिरहेको छ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार सरकारी खर्चमा मितव्ययिता कायम गर्न भन्दै सरकारी विज्ञापन तथा सूचना प्रकाशन र प्रसारण सरकारी स्वामित्वका सञ्चारमाध्यममामात्र गर्न परिपत्र गरेको हो।

क्रमशः पृष्ठ २ मा

### सरकारको निर्णयविरूद्ध सर्वोच्चमा रिट दर्ता

निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर भएको छ। नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन पेस गरेका हुन्। सोसाइटी राष्ट्रिय दैनिकलगायतका प्रमुख सञ्चारमाध्यमका प्रकाशकहरूको संस्था हो।

क्रमशः पृष्ठ २ मा

### सञ्चारमन्त्रीलाई महासंघको ज्ञापनपत्र

नेपाल पत्रकार महासंघले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने सरकारको निर्णय तत्काल खारेज गर्न माग गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनालाई ज्ञापनपत्र बुझाएको छ। महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको टोलीले सोमबार मन्त्री तिमिल्सिनालाई उक्त माग राखेको हो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

'फ्रि-भिसा, फ्रि-टिकट' कार्यान्वयनमा कडाइ

## म्यानपावरलाई बुझाएको रकमको रसिद विमानस्थलमा अनिवार्य देखाउनुपर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकले अब म्यानपावर कम्पनीलाई बुझाएको सेवा शुल्कको रसिद विमानस्थलमा देखाउनुपर्ने भएको छ। सरकारले श्रमिकबाट भइरहेको अवैध रकम अशुली रोक्न विमानस्थलमा रसिद जाँच गरिने भएको हो।



एआईद्वारा सिर्जित तस्बिर

वैदेशिक रोजगार विभागले सोमबार जारी गरेको सूचनामा यही चैत २९ गतेदेखि म्यानपावर कम्पनीलाई बुझाएको रकमको रसिद विमानस्थलमा अनिवार्य देखाउनुपर्ने व्यवस्था गरिएको उल्लेख गरिएको छ। विभागले विमानस्थल जाँदा त्यस्तो रसिद अनिवार्य राख्न भनेको छ।

म्यानवापर कम्पनीलाई पनि श्रमिकबाट प्राप्त गरेको सेवा शुल्कबापतको भौचर या रसिद अनिवार्यरूपमा श्रमिकलाई उपलब्ध गराउन विभागले आग्रह गरेको छ। साथै, संस्थागत र व्यक्तिगत दुवै माध्यमबाट जाने श्रमिकले गन्तव्य मुलुकसम्मको हवाइ टिकट तथा सो टिकटको रसिद पनि विमानस्थल जाँदा साथमा राख्न भनेको छ।

नयाँ सरकार गठनसँगै वैदेशिक रोजगारीमा 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधान कार्यान्वयन गराउन अग्रसर भएको छ। शनिबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले भिडियो सन्देश जारी गर्दै उक्त प्रावधान लागू भएका मुलुकहरूमा जाने कामदारसँग १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क लिएको पाए कारबाही गरिने बताएका थिए।

क्रमशः पृष्ठ २ मा

## श्रमिकको स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्था सूचीकरण खुल्यो

- १० दिनभित्र सूचीकरणमा आउन श्रम मन्त्रालयको आग्रह
- सरकारी तथा निजी स्वास्थ्य संस्थाका लागि सूचीकरणको अवसर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न चाहने स्वास्थ्य संस्थाहरूले १० दिनभित्र सूचीकरण हुनुपर्ने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबार सूचना प्रकाशन गरी उक्त अवधिभित्र निवेदन पेस गर्न आह्वान गरेको हो।

मन्त्रालयले यही चैत १७ गते सरकारको स्वामित्वमा रहेको या सरकारबाट स्वीकृति प्राप्त गरेका स्वास्थ्य संस्थालाई वैदेशिक रोजगारीको स्वास्थ्य परीक्षण गर्न दिने निर्णय गरेको थियो। वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ को उपदफा (१) मा रोजगारीमा जाने श्रमिकले सरकारबाट स्वीकृति लिएका स्वास्थ्य संस्थाबाट परीक्षण गराउनुपर्ने प्रावधान छ। त्यस्तै, वैदेशिक रोजगार नियमावली २०६४ को निमय ४५ (क) को उपनियम (९) मा रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्थाबाट गर्न कुनै बाधा नहुने व्यवस्था छ। कानुनको यही व्यवस्थामा टेकेर सरकारी स्वास्थ्य संस्थाबाट पनि परीक्षण गर्न पाउने व्यवस्था गर्न लागेको मन्त्रालयले प्रस्ट पारेको छ।

परीक्षणका लागि इच्छुक संस्थाहरूले स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा ३ को व्यवस्थाबमोजिम निवेदन दिन भनिएको छ।

क्रमशः पृष्ठ २ मा


## एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरुरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोन: ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### निजी...

सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो । उक्त निर्णयको सञ्चार क्षेत्र तथा पत्रकार संघ संगठनले खुलेर विरोध जनाएका छन् ।

राष्ट्रिय गाउँपालिका महासंघकी अध्यक्ष लक्ष्मी पाण्डेले संघीय सरकारको यो निर्णय सार्वजनिक खरिद ऐनविपरीत रहेको बताइन् । 'सार्वजनिक खरिद ऐनमा टेण्डर (बोलपत्र)का सूचना राष्ट्रियस्तरका दैनिक पत्रिकामा गर्नुपर्छ भन्ने छ । यसको वर्गीकरण प्रेस काउन्सिलले गर्छ । कुन क, कुन ख वर्गमा भनेर,' पाण्डेले भनिन्, 'अब हामीले गोरखापत्रमा पालो पर्खेर बस्ने त ? यसका लागि त कि सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्‍यो ।'

यतिमात्र नभएर कुनै सूचना स्थानीयस्तरकै पत्रपत्रिका र रेडियोमा दिँदा प्रभावकारी हुने उनले बताइन् । यसका लागि राष्ट्रियस्तरकै सरकारी सञ्चारमाध्यमलाई दिँदा विज्ञापन दर महँगो पर्ने विषय संघीय सरकारले बुझ्नुपर्ने उनको भनाइ थियो । 'स्थानीयस्तरको विज्ञापन अब राष्ट्रियस्तरको मिडियामा दिँदा प्रभावकारी हुन्न । सामुदायिक रेडियोमा दिँदा प्रभावकारी हुन्छ । स्थानीय पत्रिकामा दिँदा प्रभावकारी हुन्छ । त्यसैले संघीय सरकारको निर्णय व्यावहारिक देखिन्न,' अध्यक्ष पाण्डेले भनिन् । यसो भन्दैमा आफूहरू सुशासनबाट भाग्न खोजेको भने नभएको उनको भनाइ थियो । उनले विज्ञापनमा बिचौलिया र कर्मचारीको मिलेमतोमा भ्रष्टाचार भएको देखिएको भन्दै सबैलाई सोलोडोलो एकै ठाउँमा राख्न नमिल्ने बताइन् । 'सबैलाई एकै डालोमा हाल्न भएन । जसले भ्रष्टाचार गरेका छन् उनीहरूलाई कानुनी दायरमा ल्याएर समस्याको समाधान गर्नतिर सबै लाग्नुपर्छ,' अध्यक्ष पाण्डेले भनिन्, 'यसरी निर्देशनात्मक तरिकाले काम गर्न खोज्दा असजिलो हुन सक्छ । केही निर्णय गर्दा अप्रिय हुन सक्छ । यसमा सरकारले ध्यान देओस् ।'

संघीयताविद् खिमलाल देवकोटाले सरकारको पछिल्लो निर्णय मान्नैपर्छ भन्ने बाध्यता नरहेको बताए । 'संघ, प्रदेश र स्थानीय सरकारको आफ्नै नीति नियम हुन्छन् । यसमा संघीय सरकारले दिएको आदेश प्रदेश र स्थानीय तहले मान्नैपर्छ भन्ने छैन,' देवकोटाले भने ।

■■■

### कम्युनिस्ट...

पूर्वप्रधानमन्त्री खनालले एमसिसीदेखि प्रतिनिधिसभाको निर्वाचनसम्मका घटनाक्रममा साम्राज्यवादी शक्तिको हस्तक्षेप देखिएको बताए । एमसिसी अमेरिकी सरकारको रणनीतिक परियोजना हो जुन १५ माघ २०७८ मा प्रतिनिधिसभाबाट व्याख्यात्मक टिप्पणीसहित पारित भएर कार्यान्वयनमा छ । यो परियोजनालाई समेत जोडेका खनालको भनाइमा निर्वाचनसम्मै साम्राज्यवादी षड्यन्त्र प्रकट भएको थियो ।

उनले अब प्रस्ट रूपमा राजनीतिक अन्तरविरोध किटान गरेर जानुपर्ने पनि बताए । अब कम्युनिस्ट आन्दोलनलाई नयाँ ढंगबाट अघि बढाउनुपर्ने र त्यसका लागि अन्तरविरोध किटान गर्नु अपरिहार्य भएको उनको भनाइ थियो । 'प्रधान राजनीतिक अन्तरविरोध हाम्रो के हो ? त्यो किटान गरेर जानुपर्छ,' उनको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'यदि त्यसो गरेनौं भने हाम्रो लडाइँ कोसँग हो ? अलमलमा पर्छौं ।'

उनले कम्युनिस्टहरू कमजोर हुनुमा नेतृत्व तहबाट पटक-पटक कमजोरी भएको पनि बताए । उनले नेतृत्व भनेर पार्टी संयोजक दाहाल र सहसंयोजक माधवकुमार नेपाललाई संकेत गरेका हुन् ।

अर्का नेता अग्नि सापकोटाले पनि साम्राज्यवादी शक्तिले कम्युनिस्टहरूलाई हराउन ठूलो लगानी गरेको आरोप लगाए । त्यसका लागि 'प्रियतावादी' शक्ति रास्वपा र बालेनलाई प्रयोग गरेको उनको भनाइ थियो । उक्त शक्तिका नेता रवि लामिछानेलाई पार्टी संयोजक दाहालले पटक-पटक सरकारमा अवसर दिएको र उनको प्रतिरक्षा गरिरहँदा नोक्सानी नेकपालाई भएको पनि नेताहरूले आरोप लगाएका थिए ।

दाहाल सरकारमा लामिछाने दुईपटक उपप्रधान तथा गृहमन्त्री भएका थिए । तर, जेन-जी विद्रोहका उनै लामिछानेलाई साम्राज्यवादी शक्तिले प्राधिकारीका रूपमा प्रस्तुत गरेको र थुनाबाट मुक्त गर्नेसम्मको कार्य साम्राज्यवादीहरूकै योजना मुताविक भएको लाञ्छना लगाए ।

नभए कम्युनिस्ट पार्टीहरू यत्ति कमजोर हुने उनीहरूको भनाइ थियो । २०४८ देखि २०७९ सम्म देशका विभिन्न नामका कम्युनिस्ट शक्तिहरू बलिया थिए । २०१५ देखि संसदीय राजनीति प्रवेश गरेका कम्युनिस्टहरूले केही संसदमा भने स्पष्ट वर्चश्व जमाए । २०१५ मा १०५ मध्ये ४ सांसद सिटको कम्युनिस्ट पार्टीले २०४८ मा २०५ मध्ये ८१ सिट जित्यो । २०५१ मा २०५ मध्ये ९२ सिट जित्दै पहिलो कम्युनिस्ट सरकारसमेत गठन भयो । २०६४ मा ६०१ मध्ये ३७० (बहुमत) जित्दै कम्युनिस्टहरू वर्चश्व जमाउन सफल भए । २०७० मा ६०१ मध्ये २८२ (बहुमत) सिट कम्युनिस्टहरूले जिते । २०७४ मा २७५ मध्ये १७६ (बहुमत) सिट जित्यो । २०७९ मा २७५ मध्ये ११२ (अल्पमत)मा कम्युनिस्टहरू परे । यसपटकको निर्वाचनमा भने २५० सिटमध्ये सबै कम्युनिस्ट पार्टीहरूको सांसद गर्दा ६० सिट पनि भएन ।

हालै प्रतिनिधिसभा बैठकमा नेकपा एमालेका कार्यवाहक अध्यक्ष रामबहादुर थापाले पनि नेकपा नेताहरूले जसरी एमालेको हारमा अमेरिकालाई दोष दिने काम घुमाउरो शैलीमा गरेका थिए । अमेरिकाको समर्थनप्राप्त स्वतन्त्र तिब्बत अभियानमा सक्रिय टिबेटान ओरिजिनल ब्लड (टिओबी) लाई जिम्मेवारी ठहर्‍याएका थिए । आन्तरिक कारणमा सुशीला कार्की सरकार, सेना र कर्मचारीतन्त्रले गर्दा पनि कम्युनिस्टहरू हारेको उनको भनाइ थियो ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि केही दिनअघि साम्राज्यवादी शक्तिहरू नेपालमा लुप्त रूपमा प्रकट भएको भन्दै चिन्ता प्रकट गरेका थिए । तर, रास्वपा सभापति लामिछानेले चुनावी हारको दोष विदेशी शक्ति भनेर इंगित गर्नु मतदाताको अपमान भनेका थिए ।

■■■

### सरकारको...

उक्त मुद्दाको प्रारम्भिक सुनुवाइ आज (मंगलबार)का लागि तोकिएको छ । सरकारी विज्ञापन निजी सञ्चारमाध्यममा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको अधिवक्ता लुइँटेलले बताए ।

रिटमा चौथो अंग आतंकित भइसकेकोसमेत उल्लेख छ । सरकारको उक्त निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाउने कार्य भएको रिटमा दाबी गरिएको छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्न नगराउन भनी परमादेश माग गरिएको छ ।

मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकोले त्यतिञ्जेल उक्त निर्णय नरोकिए जनताको अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल असर परी मुलुकको चौथो अंग नै धराशायी भई अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमासमेत गम्भीर असर पर्ने भएकोले अन्तरिम आदेशसमेत रिटमा माग गरिएको छ ।

■■■

### सञ्चारमन्त्रीलाई...

सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउन महासंघले माग गरेको छ । 'सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नुले निजी सञ्चारमाध्यमलाई आर्थिकरूपमा कमजोर बनाउँदै स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब सिर्जना गर्ने देखिन्छ । यस्तो अभ्यास लोकतान्त्रिक मूल्य मान्यताविपरीत छ,' महासंघको ज्ञापनपत्रमा भनिएको छ, 'त्यसैले उक्त परिपत्र तत्काल खारेज गरियोस् । सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गरियोस् ।'

परिपत्रले निजी सञ्चारमाध्यमलाई आर्थिकरूपमा कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामा अप्रत्यक्ष दबाब सिर्जना हुने भन्दै महासंघले तत्काल निर्णय खारेज नभए आन्दोलनमा उत्रने चेतावनी महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा उल्लेख छ ।

महासंघले बुझाएको ज्ञापनपत्रलाई सकारात्मकरूपमा लिँदै सञ्चारमन्त्री तिमिल्सिनाले सक्दो सहयोग गर्न बताए । उनले आफू सधैं सञ्चार क्षेत्रको सम्वर्द्धन र विकासको पक्षमा रहेको बताउँदै यसका लागि सञ्चारमाध्यमलाई निराश हुन नदिने प्रस्टयाएका थिए ।

भेटमा सञ्चारमन्त्री तिमिल्सिनाले सरकारी विज्ञापनको रकम दुरूपयोग भएको, श्रमजीवी पत्रकार प्रत्यक्ष लाभान्वित हुन नसकेको तथा बिचौलियाको प्रभाव बढेको देखिएकाले यस्तो निर्णय गर्नुपरेको बताए । महासंघकी अध्यक्ष शर्माले सरकारको पछिल्लो विज्ञापन नीतिले समग्र सञ्चार क्षेत्र प्रभावित हुन सक्ने भन्दै पुनर्विचार गर्न आग्रह गरेकी थिइन् ।

■■■

### म्यानपावरलाई बुझाएको...

२०७२ सालदेखि नै मलेसियासहित खाडी राष्ट्रहरूका लागि यस्तो प्रावधान लागू गरिएको भए पनि व्यवहारमा कार्यान्वयन भएको छैन ।

तत्कालीन श्रममन्त्री टेक बहादुर गुरुङले २०७२ जेठ २६ गतेदेखि कार्यान्वयनमा ल्याएको फ्रि भिसा, फ्रि टिकटको प्रावधानलाई वैदेशिक रोजगार व्यवसायीले अव्यावहारिक भन्दै नमानेको अवस्था थियो । उनीहरूले सेवा शुल्क बढाउन अघिल्ला सरकारहरूलाई दबाब दिँदै आएका थिए । तर बालेन्द्र शाह नेतृत्वको सरकारले श्रमिकमैत्री भनिएको सो प्रावधान कार्यान्वयनमा ल्याउन कडाइ गर्न थालेको हो ।

■■■

### श्रमिकको स्वास्थ्य...

जसका लागि निजी संस्थाहरूले स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट प्राप्त सञ्चालन स्वीकृति प्रमाणपत्र, सञ्चालकको नागरिकता, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, संस्थाको प्रबन्धपत्र तथा नियमावली, अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण, अघिल्लो आवको कर चुक्ता प्रमाणपत्र तथा घर भाडामा लिएको भए कम्तीमा दुई वर्षका लागि भाडामा लिएको सम्झौताको प्रतिलिपि बुझाउनुपर्ने छ । त्यस्तै, कर्मचारीको विवरण, अनुसूची एकमा उल्लेखित मापदण्ड पूरा गरिएको स्वघोषणापत्र तथा कम्तीमा तीन हजारको परीक्षण गरिएको र छ महिनासम्म सञ्चालन भएको प्रमाणित हुने कागजात आवश्यक पर्ने छ ।

सरकारी स्वास्थ्य संस्थाको हकमा भने स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट प्राप्त सञ्चालन स्वीकृति प्रमाणपत्रलगायत अनुसूची १ मा उल्लिखित मापदण्ड पूरा गरिएको स्वघोषणापत्र तथा कम्तीमा तीन हजारको परीक्षण गरिएको र छ महिनासम्म सञ्चालन भएको प्रमाणित हुने कागजात आवश्यक पर्ने जनाइएको छ ।

सूचीकरण भएका स्वास्थ्य संस्थाले आवश्यक मापदण्ड, भौतिक पूर्वाधार र परीक्षण गर्नका लागि चाहिने तयारी गरेपछि मन्त्रालयको विशेषज्ञ टोलीले अनुगमन गर्ने छ । अनुगमनमा योग्य भएका संस्थाले काम गर्न पाउने छन् । यसको कार्यान्वयनमा आएपछि रोजगारीमा जाने श्रमिकले आफ्नो इच्छाअनुसार निजी या सरकारी संस्थाबाट स्वास्थ्य परीक्षण गर्न पाउने छन् । अहिले श्रमिकहरूले गन्तव्य मुलुकअनुसार निश्चित संस्थाबाट मात्र परीक्षण गराउँछन् ।

---

सर्वोच्चको आदेश

# ओली र लेखकमाथिको अनुसन्धान बिहीबारसम्म नसके थुनामुक्त गर्नू

■ प्रभाव संवाददाता




**काठमाडौं–** सर्वोच्च अदालतले नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई आगामी बिहीबारभित्र अनुसन्धान सम्पन्न नभएमा हिरासत मुक्त गर्न आदेश दिएको छ ।

न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले जिल्ला अदालतबाट यही चैत २२ गते भएको आदेशअनुसारको समयावधिमा अनुसन्धान सम्पन्न भई मुद्दा चल्ने नचल्ने निर्णय भएमा सोहीअनुसार र सो हुन नसकेमा हिरासत मुक्त गरी थप अनुसन्धान तहकिकात सम्पन्न गर्न आदेश दिएको हो ।

'जिल्ला अदालतबाट मिति २०८२/१२/२२ मा भएको आदेशअनुसारको समयावधिमा अनुसन्धान कार्य सम्पन्न भई मुद्दा चल्ने नचल्ने निर्णय भएमा सोहीअनुसार र सो हुन नसकेमा तत्पश्चात् अर्थात् तेस्रोपटक म्याद थपको अवधि उपरान्त यी रिट निवेदक केपी शर्मा ओली र रमेश लेखकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को प्रक्रिया पूरा गरी हिरासतमुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी जे जो गर्नुपर्ने हो गर्नु गराउनू भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ ।

अध्यक्ष ओलीकी पत्नी राधिका शाक्य र नेता लेखककी पत्नी यशोदा लेखकले यही चैत १५ गते गैरकानुनी थुनामा राखिएको उल्लेख गर्दै थुनामुक्त गर्न माग गर्दै बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए । सो रिटका सन्दर्भमा भने प्रतिवादीहरूलाई बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने जनाइएको छ ।

वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको भोलिपल्टै यही चैत १४ गते ओली र लेखक पक्राउ परेका थिए । उनीहरूलाई गत भदौ २३ को जेन-जी विद्रोहका क्रममा गोली प्रहार गरी युवाहरू मारिएको घटनामा दोषी रहेको आरोपसहित प्रहरीले हिरासतमा राखेर ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ । पूर्वप्रधानमन्त्री ओली स्वास्थ्यका कारण महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भर्ना भएर बसेका छन् ।


FORWARD फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd
नेपाल राष्ट्रिय बैंक "घ" वर्गको इजाजतपत्र संस्था- (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय, दुहवी -५, सुनसरी, फोन नं. ०२५-५४२०१८
Website : www.orwardmfbank.com.np

**संस्थापक सेयर खरीद गर्न चाहनुहुने इच्छुक विद्यमान संस्थापक सेयरधनी महानुभावहरूलाई जरूरी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/२४ गते)

यस वित्तीय संस्थाका तपसिलमा उल्लेखित संस्थापक सेयरधनीहरूले आ-आफ्नो नाममा कायम रहेको सेयर मध्येबाट कुल ३२,०२४ कित्ता संस्थापक सेयर बिक्री गर्न इच्छा राखी निवेदन दिनुभएको र उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुर्‍याई बिक्री गर्न प्रकृया अघि बढाउने निर्णय भएको बमोजिम उक्त सेयर बिक्रीका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०८२ निर्देशन नं. १०/०८२ बमोजिम संस्थापक सेयर बिक्री गर्दा पहिलो प्राथमिकता वित्तीय संस्थाका विद्यमान संस्थापक सेयरधनीहरूलाई दिनुपर्ने व्यवस्था रहेको हुँदा सोही अनुरूप नै सम्बन्धित सम्पूर्ण संस्थापक सेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । संस्थापक सेयर खरीद गर्न योग्य तथा इच्छुक विद्यमान संस्थापक सेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजातहरू संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहबी-५, सुनसरीमा आफुले खरीद गर्ने न्यूनतम २,००० कित्ता वा बढी हुनेगरी सेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनुहुन अनुरोध गर्दछौं । साथै, सो अवधि भित्र विद्यमान संस्थापक शेयधरनीहरूबाट सेयर खरीद गर्ने सम्बन्धमा कुनै निवेदन प्राप्त नभएमा वा आंशिक सेयर खरीदका लागि मात्र निवेदन प्राप्त भएमा प्रचलित कानुन तथा नियमानुसार अन्य व्यक्ति/संस्थालाई संस्थापक सेयर बिक्री गर्न आवश्यक कारबाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | बिक्रीकर्ता | बिक्री गर्न चाहेको सेयर संख्या |
|---|---|---|
| १ | श्री उर्मिला कुमारी थन्दार | २,८३२ |
| २ | श्री सुनिता कुमारी चौधरी | २,४९२ |
| ३ | श्री सबिता कुमारी दाहाल | १५,१२८ |
| ४ | श्री रिता कुमारी चौधरी | ५,११८ |
| ५ | श्री कलाबती थरुनी | ६,४५४ |


---

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, २४ चैत, २०८२

| | |
|---|---|
| मेष | शरीरमा स्फूर्ति छाउनेछ । भैरव भगवानको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला । |
| वृष | कार्य व्यस्तता रहनेछ । शिव भगवानको दर्शन गर्दै दिनको सुरुवात गर्नुहोला । |
| मिथुन | ठुलाबडाको साथ प्राप्त हुनेछ । गौरी माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला । |
| कर्कट | मान-सम्मान पाउने योग रहेको छ । भगवान भोलेनाथको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| सिंह | नयाँ काम प्राप्त हुन सक्छ । दुर्गा स्तोत्रको पाठ गरि अघि बढ्नुहोला । |
| कन्या | मन सजग भएर जानेछ । हनुमान चालिसाको पाठ गरेमा राम्रो हुनेछ। |
| तुला | मित्रजनको सहयोग हुने योग छ । भगवान श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| वृश्चिक | नयाँ नयाँ विचार छाउनेछ । नृसिंहभगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| धनु | कार्यमा सफलता मिल्नेछ। भगवान श्रीकृष्णको स्तुति गान गर्नुहोला । |
| मकर | मनमा जोश जागर भरिनेछ । महाकाल भगवानको स्मरण गरि दिनको सुरुवात गर्नुहोला । |
| कुम्भ | शुभ फल प्राप्त हुनेछ । कुबेर्को स्तुति गरि अघि बढ्नुहोला। |
| मीन | प्रियजनबाट धोका हुने सम्भावना रहेको छ। भूतनाथ्को ध्यान गरि दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ चैत, २०८२ (०७ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.६७ | १४९.२७ |
| युरो | १ को | १७१.२२ | १७१.९१ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.१५ | १९६.९४ |
| स्विस फ्रैन्क | १ को | १८५.६१ | १८६.३५ |
| अस्ट्रेलियन डलर | १ को | १०२.४५ | १०२.८६ |
| क्यानाडियन डलर | १ को | १०६.६० | १०७.०३ |
| सिङगापुर डलर | १ को | ११५.५२ | ११५.९८ |
| जापानी येन | १० को | ९.३२ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.६० | २१.६९ |
| साउदी अरब रियाल | १ को | ३९.६० | ३९.७५ |
| कतारी रियाल | १ को | ४०.७७ | ४०.९३ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४८ | ४०.६४ |
| मलेसियन रिङेट | १ को | ३६.८८ | ३७.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १५.६७ | १५.७४ |
| डेनिस क्रोनर | १ को | २२.९२ | २३.०१ |
| हङकङ डलर | १ को | १८.९७ | १९.०५ |
| कुवेती दिनार | १ को | ४८४.३५ | ४८६.३० |
| बहराइन दिनार | १ को | ३९३.७८ | ३९५.३६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सबै मन्त्रालयले बुझाए सुधारका कार्ययोजना

## प्रधानमन्त्री कार्यालयले नियमित अनुगमन गर्ने

**काठमाडौं–** सरकारका सबै मन्त्रालय र मातहतका निकायले सात दिनभित्रै प्रमुख १० वटा मुख्य सुधारका क्रियाकलापको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएका छन् ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर २ अन्तर्गत विभिन्न मन्त्रालय र मातहतका निकायले आफूले सम्पादन गर्ने १० वटा मुख्य सुधारका करिब ३०० भन्दा बढी क्रियाकलापको कार्ययोजना समय सीमासहित बुझाएका हुन् ।




प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेसविज्ञ दीपा दाहालका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको प्रधानमन्त्री कार्यसम्पादन एकाइ 'पिएम डेलिभरी युनिट'ले यी कार्ययोजनाको कार्यसम्पादन 'ट्र्याकिङ' गर्ने छ । यस एकाइले राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूका लागि मुख्य कार्यसम्पादन सूचक, मन्त्रालयगत कार्यसम्पादन ट्र्याकिङसँगै समस्या तथा अवरोध समाधान संयन्त्रसतिहको केन्द्रीय 'ड्यासबोर्ड' सञ्चालन गर्ने छ ।

विभिन्न मन्त्रालय र निकायहरूले १५ दिनदेखि एक वर्षसम्मको समय सीमा तोकी कार्ययोजना तय गरेका छन । उक्त कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन हरेक महिनाको ७ गतेभित्र प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री कार्यालयले नियमित अनुगमन, मूल्यांकन तथा सार्वजनिक रिपोर्टिङ गर्ने जनाएको छ । सबै मन्त्रालयसहित राष्ट्रिय योजना आयोग, लगानी बोर्ड र स्वयं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतले आफ्नो कार्ययोजना पेस गरिसकेका छन् ।

### के हो यो कार्ययोजना ?

सरकारले नतिजामा आधारित शासकीय सुधार प्रबन्ध लागू गर्ने लक्ष्यअनुसार प्रत्येक मन्त्रालयले आफ्ना प्रमुख १० कार्ययोजना, समय सीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहित तयार गर्नुपर्ने व्यवस्था गरेको हो ।

सरकारको मूल उद्देश्य कार्यसम्पादनलाई नतिजामुखी, मापनयोग्य र जवाफदेही बनाउँदै नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउनु रहेको प्रधानमन्त्रीकी प्रेसविज्ञ दाहालले बताइन् । झण्डै ३०० भन्दा बढी प्रमुख कार्यमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत प्रणाली स्तरोन्नति, आन्तरिक नियन्त्रण, भ्रष्टाचारविरुद्धको रणनीति, सदाचार नीति, गुनासो फर्स्योट, सम्पत्ति शुद्धीकरण ट्र्याकिङ, सार्वजनिक खरिद ऐन संशोधन, करदाता सेवा विस्तार, राष्ट्रिय तथ्यांक अनलाइन उपलब्धता र राहदानी ऐन संशोधनलगायतका कार्यहरू समावेश छन् । *रासस*

# स्वास्थ्य मन्त्रालयद्वारा उच्चस्तरीय समिति गठन

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवालाई थप पारदर्शी, प्रविधिमैत्री र नागरिकमुखी बनाउन मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा छ सदस्यीय उच्चस्तरीय समिति गठन गरेको छ ।

स्वास्थ्यमन्त्री निशा मेहताले आइतबार मन्त्रीस्तरीय निर्णय गर्दै स्वास्थ्य सेवालाई थप पारदर्शी र व्यवस्थित बनाउन समिति गठन गरेको मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले जानकारी दिए ।

समितिलाई आगामी १५ दिनभित्र 'फ्रि हेल्थ पोर्टल' निर्माण गरी लागू गर्ने, बिरामीको उपचार इतिहास, 'रिफरल', पुनःसेवा र 'क्लिनिकल फलोअप' व्यवस्थित गर्न बिरामीको अभिलेख प्रणालीका लागि डिजिटल, एकीकृत र अन्तरआबद्ध स्वास्थ्य सूचना प्रणाली विकास तीन महिनाभित्र गर्ने, अनावश्यक निजी अस्पताल रिफर गर्ने प्रवृत्ति नियन्त्रण गर्ने, स्पष्ट 'रिफर प्रोटोकल'लगायतका प्रणाली लागू गर्न समितिलाई कार्यदेश दिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२४ गते**

यस कम्पनीको मिति २०८२/१२/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **साविक युनिहब कन्सल्टिङ** (प्रा.लि. नं.१८०३८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२३ को निर्णयानुसार नाम परिवर्तन गरी **फाइन्ड युनि प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## मलेसियामा रोजगार

कम्पनी : FC UNGGUL SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340092 | चलानी नं. ६०२५३५५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 30 | 0 | 1700 | ६२,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Diyalo foodland, काठमाडौंमा मिति: २०८३ वैशाख १ गते (14th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# राष्ट्रिय सभा उपाध्यक्षमा भण्डारी निर्विरोध निर्वाचित



**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाको उपाध्यक्षमा लीलाकुमारी भण्डारी निर्वाचित भएकी हुन् । नेकपा एमालेको तर्फबाट राष्ट्रिय सभा सदस्य भएकी भण्डारी सभाको सोमबारको बैठकमा निर्विरोध उपाध्यक्ष पदमा निर्वाचित भएकी हुन् ।

उक्त पदमा एकमात्र उम्मेदवारी परेकाले उनलाई सभाका अध्यक्ष नारायणप्रसाद दाहालले निर्विरोध विजयी घोषणा गरेका थिए । भण्डारी गत माघ ११ गते सदस्यमा निर्वाचित भएकी थिइन् ।

नवनिर्वाचित उपाध्यक्ष भण्डारी सुदूरपश्चिम प्रदेशबाट उक्त पदमा पुग्ने पहिलो महिला बनेकी छन् । उनको राजनीतिक यात्रा २०४७ सालदेखि सुरु भएको हो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा छ महिना शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री बनेकी भण्डारी गेटा मेडिकल कलेज सञ्चालनको पहलकर्ताका साथै मुक्त कमलरीको अवस्था सुधारमा भूमिका निर्वाह गरेकी थिइन् ।

कैलालीको फूलबारीस्थित चन्द्रोदय माध्यमिक विद्यालयमा अध्ययन गर्दादेखि राजनीतिमा चासो राखेकी उपाध्यक्ष भण्डारीले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)मा सक्रिय भएर विद्यार्थीको सवालमा काम गरेकी थिइन् । तत्कालीन नेकपा माओवादी केन्द्रबाट एमालेमा प्रवेश गरेकी उनले एमालेको १०औं र ११औं महाधिवेशनबाट निर्वाचित हुँदै पोलिट ब्युरो सदस्य र कैलाली जिल्ला संयोजकको जिम्मेवारी निर्वाह गरिसकेकी छन् ।

## MAURITIUS मा रोजगार

कम्पनी : BROLL INDIAN OCEAN LTD

पूर्व स्वीकृति मिति : २०८२/१२/२३ | LT. No. 340389 | चलानी नं. ६०२५३८५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner I | 110 | 0 | 17895 | ५६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १ गते (14th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

**कम्पनी : साइन्टेक्स प्याकेजिङ एस. डिएन. बिएचडि**
**COMPANY: SCIENTEX PACKAGING SDN BHD**

| Pre Approval Date : 2026-04-05 | चलानी नं. ६०२५३८६३ | एल टि न. ३४०४३५ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | Invoice No. 60253863 | LT. No. 340435 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 9 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६२,८५० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : साइन्टेक्स ग्रेट वाल एस. डिएन. बिएचडि**
**COMPANY: SCIENTEX GREAT WALL SDN BHD**

| Pre Approval Date : 2026-04-05 | चलानी नं. ६०२५३८६४ | एल टि न. ३४०४३६ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | Invoice No. 60253864 | LT. No. 340436 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 23 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६२,८५० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : मुडा प्याकेजिङ इन्टस्ट्रिज एस. डिएन. बिएचडि**
**COMPANY: MUDA PACKAGING INDUSTRIES SDN. BHD.**

| Pre Approval Date : 2026-04-05 | चलानी नं. ६०२५३८६५ | एल टि न. ३४०४३३ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | Invoice No. 60253865 | LT. No. 340433 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 23 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६२,८५० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौ । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १ गते (14th Apr. 2025) मा हुनेछ ।**
**' Candidates with working experience in a plastic factory in Malaysia will be given high prioprity '**
**मलेसिया स्थित प्लास्टिक कारखानामा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
  यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोर्ने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोर्नुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
  चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
  चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
  सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
  कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9851074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८५१०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## मोटर बाइक हराएको सूचना

मिति २०८२/११/१९ गते गोकर्णेश्वर नपा-१ स्थित दोबाटो बाँस झ्याङ छेउमा पार्किङ गरेको ठाउँबाट रातको साढे ७:३० बजेदेखि ८:२० को बीचमा निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तपसिलको ठेगानामा खबर गरी दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**सवारी धनीको नाम** : धनबहादुर तामाङ
**बाइक नम्बर** : बा.प्र.०२ ५२ प १२८६
**च्यासिज नं.** : MD2A13EX5RCB81291
**इन्जिन नं.** : DKXCRV20919
**रङ्ग** : कालो/रातो
**मोडल बजाज पल्सर** : २२०
**सम्पर्क नम्बर** : ९८४९७२६९२०

## बिमालेख हरायो

मिति २०८२/१०/०५ गते धर्मस्थलीदेखि बागबजारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **Asian Life Insurance अन्तर्गत जारी गरिएको जीवन बीमा अभिलेख बुक** हराएको हुँदा सम्बन्धित कागजात पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : उत्तरा डंगोल**
**बिमालेख नं.: 5111021659**
**ठेगाना : काठमाडौं**
**सम्पर्क : ९८४००६७१०१**

## अन्तर्वार्ता रद्द गरिएको सूचना

**नेपाल लाइफ रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.** (इजाजत नं.१३८५/०७३/०७४) मार्फत **Altios International Ltd.** कम्पनी, मौरिससका लागि तय गरिएको अन्तर्वार्ता निम्न मिति तथा स्थानहरूमा आयोजना गरिने पूर्वनिर्धारित कार्यक्रम अनुसार सञ्चालन हुन नसकेकोले रद्द गरिएको जानकारी गराइन्छ ।

**पूर्वनिर्धारित कार्यक्रम अनुसार :**
मिति : २०८२/१२/३० - स्थान : काठमाडौं, मेनपावर कार्यालय
मिति : २०८३/०१/०२ - स्थान : सुनसरी, इटहरी-६, होटल इन्टुरिस्ट प्यालेस
मिति : २०८३/०१/०३ - स्थान : झापा, बिर्तामोड, सीटी होटल
मिति : २०८३/०१/०४ - स्थान : रूपन्देही, बुटवल, रोज पार्टी प्यालेस एन्ड रेष्टुरेन्ट, कालिकानगर
मिति : २०८३/०१/०५ - स्थान : कास्की, पोखरा म.न.पा-८, जनप्रिय थकाली भान्छा घर

**उक्त मितिहरूमा कम्पनीका प्रतिनिधि उपस्थित हुन नसक्ने भएकोले अन्तर्वार्ता रद्द गरिएको हो । अन्तर्वार्ताको नयाँ मिति तय भएपछि पुनः सूचना प्रकाशित गरिनेछ ।**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल चैत महिना २४ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : उर्लाबारी शाखा — कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

महगु साह तेलीको नातिनी रामधनी साह तेलीको छोरी मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **बेबी कुमारी साह** (ना.प्र.नं. : ०५२०३४/१२५ जारी मिति र जिल्ला : २०६५/१२/२५, मोरङ्ग रंगेली)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) महगु साह तेलीको बुहारी रामधनी साह तेलीको पत्नी मोरङ्ग जिल्ला बरडंगा गा.वि.स. वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **विना देवी साह** (ना.प्र.नं. : ११६४ जारी मिति र जिल्ला : २०४६/०३/०६, मोरङ्ग)

२) श्रहालाल साहको नाति गुलावचन्द साह तेलीको छोरा मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **हंश लाल साह तेली** (ना.प्र.नं. : ३२८०१/०३५ जारी मिति र जिल्ला : २०४६/०३/०६, मोरङ्ग)

**२) शाखा कार्यालय : उर्लाबारी शाखा — कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

गुलाव चन्द साह तेलीको बुहारी हंश लाल साह तेलीको पत्नी मोरङ्ग जिल्ला बरडंगा गा.वि.स. वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **पवित्री देवी साह तेली** (ना.प्र.नं. : १५८१ जारी मिति र जिल्ला : २०४६/०३/१५, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कंगु यादवको बुहारी मन्नु यादवको पत्नी मोरङ्ग जिल्ला बरडंगा गा.वि.स. वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **गीता देवी यादव** (ना.प्र.नं. : ०५१३७०/००८९ जारी मिति र जिल्ला : २०७०/०१/२१, मोरङ्ग)

२) श्रहालाल साहको नाति गुलावचन्द साह तेलीको छोरा मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **हंश लाल साह तेली** (ना.प्र.नं. : ३२८०१/०३५ जारी मिति र जिल्ला : २०३५/०९/०७, मोरङ्ग)

३) महेश लाल साहको बुहारी विजय कुमार साहको पत्नी मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **गायत्री देवी साह** (ना.प्र.नं. : ०५२०३४/८४७५ जारी मिति र जिल्ला : २०६८/०८/०१, मोरङ्ग)

**३) शाखा कार्यालय : उर्लाबारी शाखा — कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

गुलाव चन्द साह तेलीको नाति हंश लाल साह तेलीको छोरा मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **दिपक कुमार साह** (ना.प्र.नं. : ०५३०३४/४७६ जारी मिति र जिल्ला : २०६३/१०/१४, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गुलाव चन्द साह तेलीको नाति हंश लाल साह तेलीको छोरा मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **निरज कुमार साह** (ना.प्र.नं. : १५५०७/९८ जारी मिति र जिल्ला : २०६८/०२/०९, मोरङ्ग)

२) श्रहालाल साहको नाति गुलावचन्द साह तेलीको छोरा मोरङ्ग जिल्ला बरडंगा गा.वि.स. वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **हंश लाल साह तेली** (ना.प्र.नं. : ३२८०१/०३५ जारी मिति र जिल्ला : २०३५/०९/०७, मोरङ्ग)

३) दया लाल यादवको नाति मुन्नी लाल यादवको छोरा मोरङ्ग जिल्ला बरडंगा गा.वि.स. वडा नं. २ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **गुन्जन कुमार यादव** (ना.प्र.नं. : २३५५७/२७५ जारी मिति र जिल्ला : २०६२/१०/११, मोरङ्ग)

४) लेघु साहको नाति दयानन्द साहको छोरा मोरङ्ग जिल्ला बरडंगा वडा नं. ९ हाल, सुनबर्षी न.पा. वडा नं. ७ बस्ने **रमेश कुमार साह** (ना.प्र.नं. : १४२९९ जारी मिति र जिल्ला : २०५९/०८/१६, मोरङ्ग)

**४) शाखा कार्यालय : बिजुवार शाखा — कर्जा शीर्षक : प्रोफेशनल आवधिक कर्जा**

**ऋणीको विवरण**

डन्डे कामीको नाति परिमल कामीको छोरा जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. १ बस्ने **नबिन बि.क** (ना.प्र.नं. : ६३१००५/१५२४ जारी मिति र जिल्ला : २०६९/०२/१४ जाजरकोट)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) डन्डे कामीको बुहारी परिमल कामीको पत्नी जाजरकोट जिल्ला खलङ्गा गा.वि.स. वडा नं. ९ हाल, भेरी न.पा. वडा नं. १ बस्ने **बालमती कामी** (ना.प्र.नं. : ३७५६ जारी मिति र जिल्ला : २०६१/०१/३०, जाजरकोट)

२) राते कामीको नाति सुकराम वि.क.को छोरा रुकुम जिल्ला गरायला गा.बि.स. वडा नं. २ हाल, सानोभेरी गा.पा. वडा नं. ३ बस्ने **बल बहादुर वि.क** (ना.प्र.नं. : ५६-०१-७३-०४२५२ जारी मिति र जिल्ला : २०७३/११/२२, रुकुम)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बिदा होइन, विकल्प खोज

सरकारले पछिल्ला दिनहरूमा 'पपुलिस्ट' छवि बनाउने होडमा केही यस्ता निर्णयहरू गरिरहेको छ, जसको दीर्घकालीन असर निकै गम्भीर देखिन्छ । यसैक्रममा, पेट्रोलियम पदार्थको मूल्यवृद्धि र अभावलाई नियन्त्रण गर्ने तर्क अघि सार्दै हप्तामा दुई दिन बिदा दिने निर्णय पुनः ब्युँताइएको छ । अन्तर्राष्ट्रिय जगतमा इजरायल–अमेरिका र इरान युद्धका कारण इन्धनको भाउ बढेको सत्य हो, तर के एक दिन थप बिदा दिएर यसको समाधान सम्भव छ ? तथ्य र विगतका अनुभवले भन्छन्– पक्कै छैन ।

हप्ताको दुई दिन बिदा दिने निर्णयले राज्यको अर्थतन्त्रमा एउटा खतरनाक 'चक्रीय असर' निम्त्याउने निश्चित छ । नेपालजस्तो मुलुक, जहाँ सार्वजनिक सेवा प्रवाहको गति पहिले नै सुस्त छ, त्यहाँ थप एक दिनको शून्यताले प्रशासनिक काममा निकै ठूलो ढिलासुस्ती सिर्जना गर्ने छ । 'सरकारी काम, कहिले जाला घाम' भन्ने उखानलाई चरितार्थ गरिरहेको हाम्रो कर्मचारीतन्त्रलाई यो बिदा 'कामबाट उम्कने' थप बहानामात्र बन्ने देखिन्छ ।

यस निर्णयले सामाजिक र शैक्षिक क्षेत्रमा पनि तालमेल बिगार्ने छ । सरकारी विद्यालयमा दुई दिन बिदा हुँदा र निजी क्षेत्रमा कार्यरत अभिभावकहरूको कार्यतालिका फरक पर्दा पारिवारिक व्यवस्थापनमासमेत असर पर्ने छ । यसले शैक्षिक क्यालेण्डरलाई मात्र खलबल्याउँदैन, सेवाग्राही र सेवा प्रदायकबीचको खाडललाई अझ फराकिलो बनाउने छ ।

वास्तवमा, इन्धन खपत घटाउन बिदा नै दिनुपर्छ भन्ने छैन । सरकारसँग अन्य वैज्ञानिक विकल्पहरू छन्:

**डिजिटल गभर्नेन्स**: धेरैभन्दा धेरै सरकारी सेवालाई 'अनलाइन' बनाएर कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य गर्ने ।

**फ्लेक्सिबल कार्यतालिका**: आवश्यक परेको ठाउँमा 'वर्क फ्रम होम' को अवधारणा लागू गर्ने ।

**रोटेसन प्रणाली**: कार्यालय बन्द नगरी कर्मचारीहरूलाई आलोपालो (रोटेसन) मा बिदा दिने, ताकि हप्ताको सातै दिन सेवाग्राहीले सुविधा पाउन सकून् ।

हामीसँग बिदाका प्रयोगहरू असफल भएका स्पष्ट इतिहास छन् । २०५६ सालमा कृष्णप्रसाद भट्टराईको पालामा होस् वा २०७९ सालमा शेरबहादुर देउवाको पालामा, दुवै पटक यो व्यवस्था प्रशासनिक जटिलता र जनआक्रोशका कारण महिना दिनमै खारेज गर्नुपरेको थियो । इतिहासबाट पाठ सिक्नुको साटो त्यही गल्ती दोहोऱ्याउनु नीतिगत अपरिपक्वता हो ।

तसर्थ, सरकारले यस्ता अव्यावहारिक र टालटुले निर्णयहरू तत्काल फिर्ता लिनुपर्छ । झण्डै दुईतिहाइको जनमत पाएको सरकारको लक्ष्य देशलाई सुताउने होइन, बरु २४सै घण्टा चलायमान बनाएर अर्थतन्त्रलाई बलियो बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । इन्धन जोगाउने नाममा राज्यको उत्पादकत्व नै बन्धकी राख्ने छुट सरकारलाई छैन ।

# नीलकण्ठ वर्णीः नेपाल–भारतको धार्मिक–आध्यात्मिक सेतु



❑ चिरञ्जीवी आचार्य

> "बिएपिएस स्वामीनारायण संस्थाले विश्वभर फैलाएको यो तपोमूर्तिको महिमाले नेपाल र भारतबीचको धार्मिक–सांस्कृतिक सम्बन्धलाई मात्र जोड्दैन, नेपाललाई विश्वकै एक प्रमुख आध्यात्मिक गन्तव्यका रूपमा उभ्याउने सामार्थ्य राख्दछ र नेपाल योगी र तपस्वीहरूको तपोभूमि हो भन्ने पुष्टि गरेको छ । आधुनिक समयमा स्वामीनारायण सम्प्रदायले बडो तेजीका साथ अत्यन्त विशाल र मनोहारी कलाकृतिले सम्पन्न हिन्दू मठमन्दिर र मूर्तिमार्फत हाम्रो प्राचीन वैभवलाई विश्वसामु प्रतिष्ठित गरेको पाइन्छ । त्यही सिलसिलामा मुक्तिनाथमा एक खुट्टाले ध्यान गरिरहेका स्वामी नारायणको मूर्ति अग्रभागमा आउँछ । यो नेपाली मात्रको शान र गौरवको विषय हो ।

पृथ्वीको उत्पत्ति र पूर्वीय संस्कृतिको विकाससँगै नेपाल तपोभूमिका रूपमा परिचित छ । नेपालमा लाखौं ऋषिमुनीले कठोर तपस्या गरी ज्ञान प्राप्त गरेका तथ्य धार्मिक ग्रन्थमा वर्णन गरिएका छन् । नेपालका विभिन्न तपोभूमि वर्णितस्थानमा ऋषिमुनीका तपस्याले प्राप्त गरेका ज्ञान विश्वमा विज्ञानको रूपमा परिवर्तन भई प्रयोगमा ल्याइएका छन् । तीमध्ये एक खुट्टाले उभिएर मुक्तिनाथमा तपस्या गरिरहेका भगवान श्री स्वामी नारायणको बालयोगी अवस्था नीलकण्ठ वर्णीको विशेष महत्त्व छ । प्राचीन योग गुरु पतञ्जलीकृत पुस्तकलगायतमा एउटा खुट्टाको बलमा उभिएर ध्यान गर्ने कठिन विधिको उल्लेख भएको पाइन्छ ।

वि.सं. १८३७ चैत्र ९ गते रामनवमीका दिन भारतको अयोध्यामा जन्मिनुभएका भगवान् स्वामी नारायणले तपोभूमि नेपालमा आई कठोर साधना, अनुष्ठान, जप, तप, ध्यान, सत्संग गरी बिताउनुभएको थियो । मानव कल्याणको संकल्प लिएर गृहत्याग गरी चारधाम हुँदै हिमालय पर्वतमालाको कठिन यात्रा गरेको उक्त समयलाई स्वामी नारायणका गाथाकारले नीलकण्ठ यात्राको संज्ञा दिएको पाइन्छ । नीलकण्ठ यात्राको सबभन्दा दिव्य समय एक खुट्टाले उभिएर साधना गरेको आकृतिलाई भगवान् स्वामी नारायणका अनुयायीले तीव्रतापूर्वक विशाल मूर्तिहरू बनाएर संसारभर प्रचारप्रसार गरेको पाइन्छ ।

आज विश्वका प्रमुख सहर युरोपको लण्डन, अमेरिकाको न्युयोर्क, अफ्रिकाको जोहानसबर्ग, अरबको अबुधाबी, भारतको गान्धीनगर हुँदै नयाँ दिल्लीमा रहेका भव्य अक्षरधाम मन्दिरपरिसरमा एउटा विशेष मूर्तिले सबैको ध्यान केन्द्रित गरेको छ । त्यो तपोमूर्तिलाई विश्वमा अलौकिक मानिएको छ । एक खुट्टाले उभिएर कठोर तपस्या गरिरहेका बालयोगी नीलकण्ठ वर्णीको त्यो स्वरूप वास्तवमा नेपालको पवित्र हिमालय काख विशेषगरी मुक्तिनाथ क्षेत्रको जीवन्त गौरव एवं निशानी हो । बालयोगीले स्वामी नारायणको रूपधारण गर्नुभन्दा पहिले मुस्ताङमा अवस्थित मुक्तिनाथ धाममा लगालग चार महिनासम्म एक खुट्टाले उभिएर तपस्या गरेको कुरा स्वामी नारायण भगवान्को नीलकण्ठ जीवनयात्रा पुस्तकमा वर्णन गरिएको छ ।

बिएपिएस स्वामीनारायण संस्थाले विश्वभर फैलाएको यो तपोमूर्तिको महिमाले नेपाल र भारतबीचको धार्मिक-सांस्कृतिक सम्बन्धलाई मात्र जोड्दैन, नेपाललाई विश्वकै एक प्रमुख आध्यात्मिक गन्तव्यका रूपमा उभ्याउने सामार्थ्य राख्दछ र नेपाल योगी र तपस्वीहरूको तपोभूमि हो भन्ने पुष्टि गरेको छ । आधुनिक समयमा स्वामीनारायण सम्प्रदायले बडो तेजीका साथ अत्यन्त विशाल र मनोहारी कलाकृतिले सम्पन्न हिन्दू मठमन्दिर र मूर्तिमार्फत हाम्रो प्राचीन वैभवलाई विश्वसामु प्रतिष्ठित गरेको पाइन्छ । त्यही सिलसिलामा मुक्तिनाथमा एक खुट्टाले ध्यान गरिरहेका स्वामी नारायणको मूर्ति अग्रभागमा आउँछ । यो नेपाली मात्रको शान र गौरवको विषय हो ।

करिब २५० वर्षअघि १२ वर्षको कलिलो उमेरमा घर त्यागेर हिँडेका नीलकण्ठ वर्णी (भगवान् स्वामीनारायण)ले आफ्नो सात वर्षे भारत वर्षको यात्रामा करिब तीन वर्ष नेपालका विभिन्न भागमा पुगेर तपस्या गर्दै मानव कल्याणसम्बन्धी ज्ञान प्राप्त गर्दै बिताउनुभएको थियो । यो सामान्य भ्रमणमात्र थिएन, यो त ज्ञान, योग र कठोर तपस्याको संगम थियो । उनै भगवान्रूपी तपस्वी नीलकण्ठ वर्णीको एक खुट्टाले उभिएर तपस्या गरिरहेको १०८ फिट अग्लो मूर्ति बिएपिएस स्वामी नारायण अक्षर धामले २६ मार्च, २०२६ का दिन बिहान ६:३० बजे नयाँदिल्लीमा भव्य समारोहबीच उद्घाटन भएको छ ।

प्राचीन हिन्दू वैभवलाई वास्तुमार्फत जस्ताको त्यस्तै उतार गरेर चर्चामा आएको अक्षरधाम मन्दिर यो विशाल मूर्तिको स्थापनापश्चात् पुनः एकपटक संसारभरका हिन्दू धर्मालम्बीको लागि नयाँ आकर्षणको केन्द्र बन्न पुगेको छ ।

### तपस्वी वर्णीको मुक्तिनाथको तपोमूर्ति

स्वामीनारायण सम्प्रदायका लागि मुक्तिनाथ मन्दिरको अगाडि नीलकण्ठ वर्णीले चार महिनासम्म एक खुट्टाले उभिएर गर्नुभएको तपस्या सबैभन्दा ठूलो आस्थाको केन्द्र हो । आज विश्वभरका बिएपिएस मन्दिरमा राखिने तपोमूर्ति यही ऐतिहासिक घटनाको प्रतीक हो । स्वामी नारायणको जीवनमा नेपालको मुक्तिनाथमा उहाँले एउटा खुट्टाले ध्यान गरेको कुरा उहाँको जीवन र साधनाको केन्द्रीय महत्त्वको क्षण हो भन्ने कुरा सिद्ध भएको छ । यसले गर्दा नेपालको मुक्तिनाथ क्षेत्रप्रति स्वामीनारायण सम्प्रदाय र विश्वभर छरिएर रहेका हिन्दूहरूको पुनः एकपटक चासो बढेको छ ।

### पर्वतको मोदीबेनी (योग साधना)

पर्वत जिल्लाको मोदीबेनीमा उहाँले तत्कालीन प्रसिद्ध योगज्ञाता गोपाल योगीसँग एक वर्ष बसेर अष्टसिद्धि र योगका गुण रहस्य सिक्नुभएको थियो । यो क्षेत्र आज पनि योग र साधनाका अध्येताका लागि प्रसादीस्थल (पवित्रस्थल)का रूपमा परिचित छ ।

### बुटवल र काठमाडौंको ऐतिहासिक सम्बन्ध

बुटवलको फूलबारीमा चार महिना बसेर राजा मणिमुकुन्द सेनको दरबारमा सत्संग गराउनु र काठमाडौंमा राजा रणबहादुर शाहको असाध्य गम्भीर रोग निको पार्नुले उहाँको नेपालसँगको सम्बन्ध कति गहिरो र राजकीयस्तरको थियो भन्ने पुष्टि गर्छ साथै बुटवल र काठमाडौंको ऐतिहासिक सम्बन्धको नाता यसले स्थापित गरेको पुष्टि भएको छ ।

आज विश्वभर करोडौंको संख्यामा स्वामीनारायण सम्प्रदायका अनुयायी छन् । उनीहरू आफ्नो इष्टदेवताले टेकेको हरेक माटोलाई प्रसादी मान्छन् र जीवनमा कम्तीमा एकपटक ती ठाउँको दर्शन गर्न चाहन्छन् । विशेषगरी गुजराती समुदायमा यो आस्था अझ प्रगाढ बनेको छ । यदि नेपाल सरकारले स्वामीनारायण सर्किटको अवधारणालाई मूर्त रूप दिन सक्ने हो भने यसले नेपालको पर्यटन क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्छ ।

मुक्तिनाथ, मोदीबेनी, बुटवलको फूलबारी, काठमाडौं दरबार स्क्वायर र चतराधामलाई जोडेर एउटा स्पष्ट मार्ग तयार पारी नेपालका तपोभूमिलाई धार्मिक पर्यटकीयस्थलमा विकास गर्न सकेको खण्डमा मुलुकले प्रशस्तै आन्तरिक र बाहृय पर्यटकबाट आम्दानी गर्न सक्ने निश्चित छ । आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा स्वामी नारायण सर्किटका बारेमा अध्ययनका लागि नेपाल सरकारले पर्यटन तथा संस्कृति मन्त्रालयअन्तर्गतबाट केही रकम छुट्याएको थियो तर बीचमै चुनाव तय भएपछि उक्त कार्यक्रमको बजेट निकासा हुन सकेन ।

नयाँ सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमा स्वामीनारायण सर्किटलाई टेवा पुग्ने गरी कार्यक्रम ल्याउने अपेक्षा गर्न सकिन्छ । भारतको नयाँ दिल्लीस्थित अक्षरधाम जाने लाखौं पर्यटकलाई त्यहाँ रहेको तपोभूमिको वास्तविक स्थल नेपालको मुक्तिनाथ हो भनेर बुझाउन सके, उनीहरूको अर्को गन्तव्य स्वतः नेपाल हुने र वर्णी सम्प्रदायमा आस्था राख्ने विदेशी धार्मिक पर्यटकको नेपालमा ओइरो नै लाग्ने छ र यसले नेपालका धार्मिक पर्यटकीयस्थल र क्षेत्रको अन्तर्राष्ट्रिय प्रचार र सम्बन्ध जोड्ने प्रचुर सम्भावना देखिन्छ । नेपालका धार्मिक पर्यटकीय क्षेत्रमा आउने धार्मिक पर्यटकबाट नेपालका होटल, यातायात र स्थानीय हस्तकला क्षेत्रमा ठूलो योगदान पुऱ्याउने निश्चित छ ।

बिएपिएसजस्ता संस्थाले विश्वभर नेपाली भूमिमा गरिएको तपस्यालाई श्रद्धापूर्वक पुजिरहँदा हामीले यसलाई नेपालको राष्ट्रिय गौरवको विषय बनाउन सक्नुपर्छ । नयाँदिल्लीको अक्षरधाममा बनेको नयाँ तपोमूर्तिले वास्तवमा नेपालकै प्रचार गरिरहेको छ । अबको आवश्यकता भनेको नेपाल सरकार र बिएपिएस संस्थाबीच संस्थागत सहकार्य गरी यी प्रसादीस्थलको संरक्षण र प्रवर्द्धन गर्नु हो । नेपाल केवल प्राकृतिक सुन्दरताको देशमात्र होइन, यो भगवान् स्वामीनारायणजस्ता दिव्य पुरुषको साधना भूमि हो । स्वामीनारायण सर्किटको विकासले नेपाललाई विश्व आध्यात्मिक मानचित्रमा अझ चम्किलो बनाउने छ । भगवान्रूपी तपस्वी नीलकण्ठ वर्णीको विशाल मूर्ति दिल्लीमा अवस्थित अक्षरधाम परिसरमा प्रतिष्ठापित र समुद्घाटन हुनुले त्यो मार्गमा अग्रसर हुन हामीलाई झन अभिप्रेरित गरेको छ । *रासस*

***(लेखक आचार्य आध्यात्मिक अभियन्ता हुन्)***

**श्रम सरोकार**

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।






✍ बैकुण्ठ भण्डारी

## नारदका घाँटीमा पासो

पौराणिककालमा देवताका कुरा दैत्यलाई र दैत्यका कुरा देवतासम्म पुऱ्याउने नारदमुनिले धेरै नै मिहेनत गर्दथे । उनले आफ्ना लागि भन्दा पनि दुवैका लागि एक एर्काको सन्देश पुऱ्याउँथे । कहिले भएका कुरा भन्थे होला कहिले नभएका कुरा भनेर झगडा पनि पारिदिन्थे होला !

त्यही नारदजीको विकसित रूप २१औं शताब्दीमा पत्रकार बनेका छन् । पत्रकारका अनेक रूप छन् । गरिखाने पत्रकार, धम्क्याएर खाने पत्रकार, सरकारी आदेश मान्ने पत्रकार, सरकारलाई झकझक्याउने पत्रकार, पार्टीको हरिलट्ठक पत्रकार, भोले पत्रकार अनि गोजे पत्रकार ! हुबहु पत्रकार, विज्ञप्ति पत्रकार, सिण्डिकेट पत्रकार, खोज पत्रकार, सत्य निष्ठावान् पत्रकार यस्तै यस्तै... ।

उसबेला पनि नारदजी न त भगवान्का थिए । न दैत्यका थिए ! उनी यताको कुरा उता र उताको कुरा यता पुऱ्याउने साधकमात्र थिए । न लोभी थिए न पापी थिए । जोसुकै रिसाओस् कुराचाहिँ पुऱ्याउथे । अहिलेको जस्तो प्रविधि थिएन अनि अरुका इसारामा असत्यलाई पनि सत्य बनाउने झुण्ड पनि थिएन । गोबरलाई गोबर नै हो भन्थे । तर अहिले गोबर र उ छुट्याउन सक्दैनन् ।

त्यही भएर पनि उसबेलाको नारद र यसबेलाको पत्रकार एकै हुन् । व्यवहारमात्र फरक गरेका हुन् । ३६ सालतिर लुकेर पत्रकारिता गर्नेहरूले साँच्चै नै विचार र वादलाई नारदजीले जस्तै घरघरमा पुऱ्याए ।

प्रजातन्त्र प्राप्तिपछि फस्टाएको सञ्चार यसरी अगाडि बढ्यो कि हरेक नागरिकका सुख दुःखका कुरा, बेथिति, भ्रष्टाचार छर्लंग पारिदिन्थे । पत्रकारितालाई मलजल गर्न निरंकुश भए पनि पञ्चायत शासनकालमा प्रकाशकहरूलाई राहतस्वरूप लोककल्याणकारी सूचनामार्फत बचाउने काम भए । त्यसपछि क्रमशः नारदजी भर्सेस पत्रकार भनेजस्तै पत्रकारितामा सकुनीहरूको हाबी भयो ।

त्यही सकुनीहरूको हाबी भए पनि सत्यतथ्य कुराहरू, भुइँमान्छेका कुरा आउन छाड्यो । पत्रिका फलानो पार्टीको र ढिस्कानो पार्टीको बन्यो । त्यही भएर नि होला । पत्रिकामा सम्पादकभन्दा साहु हाबी भयो । सत्यतथ्य कुरा ल्याउनेभन्दा पनि लेख्नुपर्ने कुरालाई लुकाएर लेख्नै नपर्ने तथ्यहरूलाई बनावटी बनाउन थालियो । कसैले समाचारलाई विज्ञापन बनाए । कसैले समाचारलाई कम्पनीको आधा हिस्सेदारमा परिणत पनि गरिदिए । लोककल्याणकारीमा पनि आँखा लाग्यो ।

बिरामीलाई औषधि खुवाउनुपर्नेमा बिरामी नभएकालाई पनि औषधि खुवाउन थालियो । सत्ताको अघिपछि हिँड्नेको त कुरै छाडौं । रावणभन्दा पनि बढी शक्तिशाली बन्न थाल्यो । मैले लेखिदिएपछि साइजमा ल्याउँछु भन्नेकै दिन बल्यो । आफूलाई ठूलो भन्ने अनि सानाको घाँटी निमोठ्नेहरूकै दिन बल्यो । झलल्ल भयो । सरकारको मुखपत्रमाथि अन्धकारको बादल मडारिन थाल्यो । सत्तामा पुग्नेहरूले पनि त्यही बल्नेहरूकै आगो तापे ।

समय सधैं कहाँ बलवान् हुन्छ र ? आफूलाई एकछत्र गराउने दिन खुम्चन थाल्यो । साना-साना घाँटी भएकाहरू पनि फुत्तफुत्त निस्कन थाले । आ-आफ्नै बाटो समाउन थाले । साना घाँटीका रमाएको एकछत्र राज गरेकोलाई कहाँ मन पर्दथ्यो र ? गरिखाएको त देखी नै सहन्नन् नि ?

अझ प्रविधिको प्रयोग यसरी बढ्यो कि पत्रकार को हो ? पत्रकाारिता के हो ? सब त्यसका बाजे हुन थाल्यो । न त दैत्य भेटिए न त भगवान् नै ! नारद नै नारदको भीड लाग्न थाल्यो । नारद पनि प्राकृतिक भए त हुन्थ्यो नि ? अप्राकृतिक बन्न थाले । न प्रक्रिया, न तालिका, दुवैले काम गर्न छाडे ।

पाएसम्म अलकत्रामा पनि चिनी हालेर खान थाले । उता दुश्मन, एता कमिसनको चक्र घुमी नै रह्यो । न टिप्नेले पायो न रोप्नेले खायो । बिचौलियामात्र रमायो । त्यही भएर होला अहिले ती साना घाँटी भएकालाई सिध्याउँछु भनेर शेर गर्जिरहँदा न आफू रह्यो न अरुलाई रहने अवस्थाको सिर्जना नै गऱ्यो । राज्यले बचाउनुपर्नेलाई पनि बचाउन चाहेन । त्यही बाँच्नै गाह्रो हुने भएपछि कोलाहल सुरु भयो ।

सरकार छ ! कसका लागि छ ? न्यायका लागि छ ? किन बेथिति अन्त्य गर्नका लागि छ ? सरकारले कसले बनायो ? नागरिकको पीडा कसले ल्यायो ? त्यसो भए सरकार त्यही वस्तुलाई निक भीरबाट खसाउन खोजिरहेको छ ? किन घाँटी निमोठ्ने काम गर्दै छ ? रोग लागेको छ भने उपचार गर्ने होला नि होइन र ? दुईतिहाइको सरकार छ । अनि साना घाँटी भएका सञ्चारगृहलाई संरक्षण गर्नुपर्ने सरकारले तरबार देखाइरहेको छ । नारद बिग्रे कि नारदरूपी पत्रकार बिग्रे ? सरकारी सेता कपडा लगाउने बिग्रिएका काला अक्षर छपाउने र छाप्न बिग्रे ?

जो बिग्रे तिनैलाई पाखा लगाउने हो ? नीति नियम बनाउने हो र ठोक्ने हो ? ठोक्ने नाममा हात्तीदेखि बिरालोसम्मलाई एकैपटक ठोक्न थाल्यो भने के होला ? सरकार बलियो छ । यो बलियो सरकारले निर्धोलाई घाँटीमा पासो लगाउने काम किन गर्दै छ ? आजको अवस्था र व्यवस्था ल्याउनका लागि तिनै सानाले नारदरूपी कर्म गरेकै कारण भएको हो ।

सत्ताको रजगज गर्न सक्ने बनाएकै तिनले हो । निजी र सरकारीमा फाटो ल्याउने को हो ? सरकार अनिवार्य हो । सरकारले अह्राएको बाध्यता हो ? बाध्यतामा जे पनि हुन सक्छ ? सत्तामा नपुगुञ्जेल निजी चाहिनेलाई सत्तामा पुगेपछि सरकारी नै चाहिनेचाहिँ किन हो ? व्यापारलाई व्यापार बनाऊ ? सेवालाई सेवा बनाऊ मेवा नबनाऊ ?

सेवा मेवा बन्न थाल्यो भने अनि सरकारी तरकारी बन्न थाल्यो भने त्यसले संकट निम्त्याउँछ । संकटको हुरीले जसलाई पनि उडाउँछ । भो छाड नारदमुनिको घाँटीमा पासो लगाउन ! केटाकेटी आए गुलेली खेलाए मटचाङग्राको सत्यानाश !



**डुंगा सयर ।** चितवनको सौराहास्थित राप्ती नदीमा डुंगा सयर गर्दै आन्तरिक पर्यटक । *तस्विरः रासस*

# 'सिसिक्यामरा'बाट कक्षाकोठा निगरानी



**दोधारा चाँदनी (कञ्चनपुर)–** कञ्चनपुरको बेलौरी नगरपालिका-९ स्थित सिद्धकेदारनाथ आधारभूत विद्यालयमा 'सिसी क्यामरा'बाट कक्षाकोठाको निगरानी गरिएको छ ।

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने तथा अनुशासन कायम गर्ने उद्देश्यले क्यामरा जडान गरेर प्रधानाध्यापकको कार्यकक्षबाटै कक्षाकोठाको निगरानी गर्ने व्यवस्था मिलाइएको विद्यालयका प्रधानाध्यापक परमानन्द जोशीले जानकारी दिए । नगरपालिकाको सहयोगमा विद्यालयमा सिसी क्यामराबाट कक्षामा शिक्षक र विद्यार्थीबीच हुने गतिविधि प्रत्यक्ष अनुगमन गर्न सकिने भएको विद्यालयले जनाएको छ ।

'ससाना कामका लागि कक्षाकोठा चहार्नु पर्दैन, प्रधानाध्यापककै कक्षाकोठाबाट निगरानी गर्न सकिन्छ,' उनले भने, 'विद्यालयका २४ क्यामरा र माइक राखिएका छन् ।' उनका अनुसार क्यामरा जडानपछि कक्षाकोठामा अनुशासन बढेको र सिकाइ वातावरण थप व्यवस्थित भएको छ । 'कक्षामा हुने गतिविधि सहजै अवलोकन गर्न सकिने भएकाले शिक्षण प्रक्रिया अझ प्रभावकारी भएको छ,' उनले भने, 'शिक्षक नभएको अवस्थामा प्रअको कार्यकक्षबाटै विद्यार्थीहरूलाई कक्षाकार्य दिने गरेका छौं ।'

उनले अहिलेको प्रविधिसँग विद्यार्थीलाई जोड्न सके शिक्षण सिकाइ प्रभावकारी हुने बताए । 'यो प्रविधि खर्चिलो छ । यसका लागि एउटा विज्ञ कर्मचारी राख्नुपर्ने अवस्था छ,' प्रअ जोशीले भने, 'विभिन्न समयमा आउने प्राविधिक समस्या युटचुब हेरेर समाधान गर्ने गरेको छु ।' उनका अनुसार बेलौरी नगरपालिकाको तीन लाख रूपैयाँ सहयोगमा हरेक कक्षामा माइक र क्यामरा जडान गरिएको हो ।

बेलौरी नगरपालिकाले पनि सामुदायिक विद्यालयको गुणस्तरमा वृद्धि गर्नका लागि विद्यालयमा आइसिटी र विज्ञान प्रयोगशालामा जोड दिएको नगरपालिकाका शिक्षा शाखा प्रमुख अमितप्रसाद भट्टले जानकारी दिए । 'सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउन कक्षाकोठा व्यवस्थापनदेखि पूर्वाधार विकास गरिरहेका छौं,' उनले भने, 'विद्यालयमा पढाइका अतिरिक्त सिकाइलाई पनि प्राथमिकतामा राखेका छौं ।' बेलौरी नगरपालिकामा ३१ सामुदायिक विद्यालय छन् । यसमा माध्यमिक विद्यालय १४, आधारभूत विद्यालय पाँच र प्राथमिक विद्यालय १२ छन् । *रासस*

## मल्याङ्दीखोला मोटरेबल पुल

# दुई वर्षसम्म सक्नुपर्ने काम २५ प्रतिशतमा सीमित



**पर्वत–** यहाँको कुश्मा नगरपालिका र फलेवास नगरपालिका जोड्ने मोटरेबल पुल दुई वर्षदेखि अलपत्र बनेको छ । जिल्लाको कुश्मा-१० पिपलटारीको सिमखेतदेखि फलेवास-३ शंकरपोखरीको सिसाठाँटी जोड्ने पुल निर्माण कम्पनीले समयमै काम नगरेपछि अलपत्र बनेको हो ।

आर्थिक वर्ष २०८०/८१ असारमा सम्झौता भई दुई वर्षभित्र सम्पन्न गर्नुपर्ने पुल अहिले २५ प्रतिशतमात्र प्रगति भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । गत असारमा सम्पन्न हुने पुल निर्माणले गति लिन नसकेको हो । एक वर्षदेखि पुलको कुनै पनि काम भएको छैन । पुलका दुवैतर्फका पिल्लर निर्माण थालिएको भए पनि कामै नगरी निर्माण व्यवसायीले अलपत्र पारेको स्थानीय शिव अधिकारीले जानकारी दिए ।

पुल निर्माणको सम्झौता मिति सकिएपछि छ महिनाका लागि म्याद थप भएको थियो । उक्त मितिसमेत सकिँदा पुलको भौतिक प्रगति २५ प्रतिशत रहेको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले जानकारी दिए । २० मिटर लामो उक्त पुल दुई करोड ५० लाख २८ हजार रूपैयाँमा सम्झौता भएर निर्माण थालिएको हो । तर पुलले गति लिन नसक्दा स्थानीयवासी चिन्तित बनेका छन् ।

स्थानीयवासी नजिकिँदै गएको वर्षायाममा पनि जाखिम मोलेरै वारपार गर्नुपर्ने बाध्यताले चिन्तित बनेका छन् । उनीहरूले पुल निर्माणले गति नलिँदा पुलको जग खनेर अव्यवस्थितरूपमा छाडेकाले आसपासको बस्तीसमेत बाढी र पहिरोको जोखिममा परेको बताएका छन् । स्थानीयवासी अधिकारीले पुल निर्माणको काम ढिलाइ हुँदा नजिकै रहेको बस्तीका बासिन्दा समस्यामा परेका बताए ।

पुल नबन्दा सिमखेत-सिसाठाँटी-थापाठाना सडक वर्षायाममा ठप्प हुने गरेको छ । हिउँदमा जोखिम मोलेर खोलाबाटै सवारीसाधन सञ्चालन हुँदै आए पनि वर्षायाममा चार महिना सडक नै ठप्प हुने गरेको स्थानीयको गुनासो छ ।

जिल्ला प्रशासन कार्यालय र पूर्वाधार विकास कार्यलय पुगेर गुनासो राखेको भए पनि सुनुवाइ नभएको अधिकारीले बताए । पुल निर्माणको जिम्मा पाएको सेट स्क्वायर जेभी राजविराजले भने गत वर्षभन्दा चालु वर्षमा निर्माण समाग्रीको मूल्यवृद्धि भएका कारण आफूले समयमा काम गर्न नसकेको बताएका छन् ।

कम्पनीका प्रमुख राकेशकुमार शाहले सम्झौता भएको वर्षमा भन्दा चालु आवमा निर्माण सामग्रीको धेरै मूल्यवृद्धि भइसकेको जनाउँदै पुल निर्माणमा ढिलाइ भएको बताए । पूर्वाधार विकास कार्यालयले निर्माण व्यवसायीलाई छिटो काम सिध्याउन आग्रह गरेको छ । एकपटक म्याद थपिएको र अब पनि धमाधम निर्माण नगरेमा म्याद नथप्नुका साथै सम्झौता तोडेर धरौटी जफत गरिने कार्यालय प्रमुख अर्यालले बताए । *रासस*

# उपल्लो मुस्ताङमा हिमचितुवाको आक्रमणबाट २१ भेडाच्यांग्रा मरे

**मुस्ताङ–** उपल्लो मुस्ताङको लोमान्थाङ-४ चुमजुङमा हिमचितुवाको आक्रमणबाट २१ भेडाच्यांग्रा मरेका छन् भने आक्रमणमा परी सात भेडाच्यांग्रा घाइते भएका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङका अनुसार लोमान्थाङ-४ न्याम्डोका स्थानीय पशुपालक किसान घ्याचो गुरुङको लोमान्थाङ-४ चुमजुङमा रहेको च्यांग्रा खोरमा गत शनिबार राति हिमचितुवाले पशुचौपयामाथि आक्रमण गरेको थियो ।

एक्याप प्रमुख उमेश पौडेलका अनुसार चितुवाको आक्रमणबाट १० च्यांग्रा र ११ भेडा मरेका हुन् । खोरमा ३१५ वटा भेडाच्यांग्रा रहेका थिए ।

हिमचितुवाको आक्रमणबाट भेडाच्यांग्रा मरेका सूचनापछि एक्याप लोमान्थाङका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय र लोमान्थाङ गाउँपालिकाका पशु प्राविधिकलगायतको टोली आइतबार बिहान घटनास्थलमा पुगेका थिए । एक्याप लोमान्थाङ प्रमुख पौडेलका अनुसार पीडित पशुपालकको च्यांग्रा खोर ग्याबिन तारको घेराबारभित्र रहेको अवस्थामा हिमचितुवाले आक्रमण गरी भेडाच्यांग्रा क्षति पुऱ्याएको हो । हिमचितुवाको आक्रमणबाट प्रारम्भिक मूल्य मूल्यांकन गर्दा चार लाख ५५ हजार रूपैयाँ क्षति भएको जनाइएको छ ।

यसअघि गत फागुन ११ गते उपल्लो मुस्ताङको लोमान्थाङ-४ किम्लिङमा स्थानीय पशुपालक किसान मिङमार गुरुङको खोरमा हिमचितुवाले आक्रमण गर्दा नौवटा च्यांग्रा मरेका थिए भने नौवटा च्यांग्रा घाइते भएका थिए ।

त्यसैगरी, जिल्लाको तल्लो क्षेत्रस्थित घरपझोङ गाउँपालिका-२ मार्फामा हिमचितुवाले स्थानीय सन्तोष परियारको खोरमा दुईपटकसम्म आक्रमण गर्दा तीन दर्जनभन्दा बढी च्यांग्रा मरेका थिए । एक्याप लोमान्थाङले हिमचितुवाले भेडाच्यांग्रामा क्षति पुऱ्याएको स्थानमा हिमचितुवाको निगरानी गर्न तीनवटा सिसिक्यामरा जडान गरिएको जनाएको छ । जिल्लामा चालु आर्थिक वर्ष एक्याप लोमान्थाङ र जोमसोमले पाँचवटै पालिकाका हिमचितुवाको बासस्थान रहेको सम्भावित स्थानमा हिमचितुवा गणनाका लागि सिसिक्यामरा जडान गरेको छ ।

जिल्लामा एक्यापले हिमचितुवा तथा अन्य वन्यजन्तुपीडित किसानलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागबाट उपलब्ध हुने वन्यजन्तुको क्षति राहत उपलब्ध गराउने गरेको एक्यापको भनाइ छ । वन्यजन्तु क्षति राहत निर्देशिकाबमोजिम क्षति भएका पशुचौपायको क्षति मूल्यांकन गरी पीडित पशुपालकलाई राहत उपलब्ध गराइने गरिएको छ । पछिल्लो समय विभागबाट वन्यजन्तु क्षति राहत उपलब्ध ढिलाइ हुने भएकाले एक्यापले आन्तरिक कोषबाटै व्यवस्था गरेर पीडित पशुपालकलाई राहत उलब्ध गराउने गरेको एक्याप प्रमुख पौडेलको भनाइ छ ।

पछिल्लो समय हिमाली जिल्ला मुस्ताङमा मानव र हिमचितुवाको द्वन्द्व बढ्दै गएको छ । हिउँचितुवाले स्थानीय पशुपालकका गोठ तथा खोरभित्र पसेर आक्रमण गर्ने र उच्च लेकको चरन क्षेत्रमा पशुचौपाया क्षति बनाउने घटना बढ्दै जान थालेको छ । हिउँचितुवाको जोखिमका कारण पशुपालक व्यवसाय नै संकटमा पर्न थालेको पीडित च्यांग्रापालक मिङमारले बताए । *रासस*

# कालीगण्डकीको धारै परिवर्तन गरेर दोहन

**गलकोट (बागलुङ)–** आफ्नै गतिमा बगेको कालीगण्डकी नदीको धारै परिवर्तन गरेर दोहन भएको छ । बर्खाको समयमा मध्यरातमा दोहन गरिरहने कालीगण्डकीको बागलुङ क्षेत्रमा हिउँदमा कालीगण्डकीको धार नै परिवर्तन गरेर मापदण्डविपरीत ढुंगा तथा बालुवा उत्खनन् गर्ने गरेको पाइएको छ । बागलुङ नगरपालिका-१३ कालाखोला बगरमा नदीलाई पर्वत जिल्लातर्फ फर्काएर नदीजन्य पदार्थ निकालिएको छ ।

नगरपालिकाले कालाखोला बगर, भाटेखोला र गलुवा खोलासहितका बगरहरू ठेक्कामा लगाए पनि नदीलाई नै संकटमा पारेर दोहन भएको छ । बागलुङ-१० गलुवा र बागलुङ-१३ कालाखोला बगरमा हिउँदमा कालीगण्डकीमा थोरै पानी बग्दा नदीको धारनै फर्काएर दोहन गर्ने गरेको पाइएको छ ।

बागलुङ नगरपालिकाले हिउँदमा नदीजन्य पदार्थ निकाल्न ठेक्कामा लगाए पनि नदी दोहन मापदण्ड विपरीत भएको सरोकारवालाले बताएका छन् । कालीगण्डकी नदीको दोहनले बागलुङ र पर्वत दुवै खण्डमा भूक्षय, बाढी पहिरो तथा नदी छेउका बस्तीमासमेत क्षति पुऱ्याउन थालेको पाइएको छ ।

कालाखोला बगरमा नदीलाई पर्वततर्फ फर्काएर २५० मिटरभन्दा बढी लम्बाइ, ५० मिटरभन्दा बढी चौडाइ र सात मिटरभन्दा गहिराइमा नदीजन्य पदार्थ ठूला उपकरणको सहायताले निकालिएको अनुगमनमा पाइएकाले कारबाही गर्न नगरपालिकालाई जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले जानकारी दिए ।

प्रमुख थापाले ३० प्रतिशत मानव साधन प्रयोग गर्नुपर्नेमा सतप्रतिशत उपकरणको प्रयोग भएकाले नदीको संरचना नै फेरबदल भएको बताए । 'दोहन रोक्न सबैको समन्वय चाहिन्छ, अहिले नगरपालिकाले राजस्व उठाएको छ, तर नगरपालिकाले दिएको मापदण्डविपरीत दोहोन भएको पाइएको छ, मापदण्डअनुसारको नदीजन्य पदार्थ र अवैध नदीजन्य पदार्थको ठहर प्राविधिकको प्रतिवेदनमा उल्लेख छ । *रासस*

# तालिमपछि महिलामा बढेको आत्मविश्वास



**धरान–** चार वर्षदेखि इटहरीमा इलेक्ट्रोनिक्स पसल सञ्चालन गर्दै आएकी भावना निरौलालाई अहिले विभिन्न घरायसी विद्युतीय उपकरणहरूको मर्मत कार्यले भ्याइनभ्याइ भएको छ । पहिले उनी मुख्यरूपमा बिक्री र ग्राहक सेवा हेर्थिन् भने श्रीमान् मर्मत र फिल्डको काम गर्थे । तर मर्मत तथा सम्भार तालिम सकेपछि उनको भूमिका परिवर्तन भएको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम- नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तीकरण (रिप ग्रिन)ले सञ्चालन गरेको तालिमपछि आफ्नो दैनिकीमा आएको ठूलो परिवर्तनबारे अनुभव उनी सुनाउँछिन् । रिप ग्रिन, युरोपियन युनियन र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को आर्थिक सहयोग र जर्मन विकास सहयोग (जिआइजेड) को प्राविधिक सहयोगमा सञ्चालित परियोजना हो ।

सो परियोजनाको सहयोगमा सञ्चालित नौदिने तालिममा आफूले विद्युतीय जडानका आधारभूत कुरा, समस्या पहिचान (ट्रबलसुटिङ) र राइस कुकर, इलेक्ट्रिक केतली, मिक्सर र इण्डक्सन चुलो मर्मत गर्ने सीप सिकेको भावना बताउँछिन् । उनी भन्छिन्, 'तालिम सकेको एक महिनामै मैले छ वटा इलेक्ट्रिक जग र चार वटा हिटर मर्मत गरिसकेकी छु । हिटर मर्मत तालिममा नभएको भए पनि मैले सिकेका विद्युतीय सिद्धान्त प्रयोग गरेर समस्या पत्ता लगाएर समाधान गर्न सकेँ । तालिममा पाएको मल्टिमिटर अहिले मेरो सबैभन्दा उपयोगी उपकरण बनेको छ, जसले तार र जडानसम्बन्धी समस्या पहिचान गर्न मद्दत गर्दछ ।'

सुरुमा केही ग्राहकहरू महिलाले स्क्रूड्राइभर समातेको देखेर छक्क पर्थे र प्रश्न गर्थे । उनको कामको गुणस्तर देखेपछि ग्राहकहरूले प्रशंसा र हौसला प्रदान गर्छन् । जाडो समयमा धेरै ग्राहकले हिटर र केतली मर्मतका लागि ल्याए र हरेक सफल कामसँगै मेरो आत्मविश्वास बढ्दै गयो । यी सामानहरू मौसमी हुने भएकाले अब आफूले राइस कुकर र इण्डक्सन चुलोजस्ता वर्षभरि प्रयोग हुने सामान मर्मतमा ध्यान दिन चाहेको उनी बताउँछिन् । यस्ता प्राविधिक सीपहरूले महिलाहरूलाई नयाँ अवसर दिने र यसबाट उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न मद्दत गर्ने उनको विश्वास रहेको छ ।

रिप ग्रिन कार्यक्रमका साझेदारहरूले स्थानीयस्तरमा सञ्चालन गरेका प्राविधिक तालिमहरूमा विस्तारै महिलाहरूको सहभागिता बढ्दै गएको छ । स्नातक दोस्रो वर्षमा अध्ययनरत इटहरी, खनारकी स्वस्तिका दाहालको इलेक्ट्रोनिक्स पसलमा केही समयदेखि बिक्रेताका रूपमा सहयोग गर्दै आएकी छन् । केही समयअघि विद्युतीय उपकरणहरूको मर्मतसम्बन्धी तालिम प्राप्त गरेपछि उनले घर र पसल दुवैमा सिकेका सीप प्रयोग गर्न थालेकी छन् । तालिमपछि इलेक्ट्रिक केतली, राइस कुकर र हिटर मर्मत गर्न सक्षम बनेकी छन् ।

यी कामहरूले आफूलाई केही आम्दानी पनि दिलाएको उनी बताउँछिन् । अहिले उनका लागि यो पढाइसँगै राम्रो 'पार्टटाइम' अवसर बनेको भए पनि भविष्यमा यसलाई नै आफ्नो रोजगारीको माध्यम बनाउने उनको योजना छ । अहिले घरबाटै सेवा दिँदै आएकामा आफ्नै पसल स्थापना गरी तालिममा सिकेको सीपको उपयोग गर्ने सोच बनाएकी छन् ।

तालिममा सहभागी प्रशिक्षार्थीहरूले एक अनौपचारिक समूह नै बनाएका बिग्रिएका सामानहरू जम्मा गरेर एउटै घरमा भेला भई सँगै मर्मत गर्न पनि थालेका छन् । यसले तालिमपछि पनि सीप सुधार गर्न एक-अर्कालाई सहयोग पुऱ्याएको दाहाल बताउँछिन् । तालिमबाट प्राप्त सीप र उपकरणहरूको प्रयोग गर्दै महिलाहरू अहिले आफ्नै घर र समुदायमा सँगै काम गर्दै समस्याहरू समाधान गरिरहेका छन् ।

तालिमले भावना र स्वस्तिकाजस्ता सहभागीहरूलाई व्यावहारिक प्राविधिक सीप, आत्मविश्वास र नयाँ आम्दानीका अवसरहरू प्रदान गरेको छ । निरन्तर अभ्यासले उनीहरूको क्षमता अझ बढ्ने आत्मविश्वास आफूहरूमा आएको बताउँदै भावना भन्छिन्, 'घरायसी सबै खालका उपकरणहरूको मर्मत गर्नसक्ने क्षमताको विकास गर्न थप तालिमको आवश्यकता महसुस गरेका छौं ।' *रासस*

प्रभाव दैनिक

रूपशाला

## पूर्वमिस नेपाल खड्गीले दिइन् पूर्वपतिविरूद्ध उजुरी

पूर्व मिस नेपाल उषा खड्गीको पूर्वपतिसँगको विवाद प्रहरीसम्म पुगेको छ । विवाद बढेसँगै खड्गीले भक्तपुर प्रहरीको महिला सेलमा उजुरी दिएकी हुन् । उनले उजुरी दिएसँगै पूर्वपति जीपी तिमल्सिना र खड्गी दुबैलाई प्रहरीले बोलाएर सोमबार छलफल गराएको छ । भक्तपुरका एसपी सूर्य खड्काले खड्कीको उजुरीपछि दुबैलाई बोलाएर छलफल गराएको बताए । केही दिनअघि पूर्वमिस नेपाल खड्गीले तिमल्सिनासँगको पारिवारिक तथा सम्पत्ति विवादलाई सामाजिक सञ्जाल फेसबुकबाट सार्वजनिक गरेकी थिइन् । विवाद बढ्दै जाँदा उनी प्रहरीमै पुगेकी हुन् ।



मंगलबार, २४ चैत २०८२ (Tuesday, 07 April 2026)

नवौं निफ महोत्सव

# ‘राजागञ्ज’ सर्वोत्कृष्ट घोषित

## नाजिर र सुरक्षाले जिते अवार्ड, नेपालबाट ‘गुन्यू चोलो’ले पायो अवार्ड

■ प्रभाव संवाददाता




**काठमाडौं** – नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) मा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड दीपक रौनियार निर्देशित ‘राजागञ्ज’ : पूजा सर’ले जितेको छ ।

काठमाडौंको सुन्धारास्थित सिभिल मलमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको प्रमुख आतिथ्यतामा सोमबार भएको समापन कार्यक्रममा उक्त फिल्मलाई ट्रफी र पन्ध्र सय अमेरिकी डलर पुरस्कारले सम्मान गरिएको छ ।

सर्वोत्कृष्ट राष्ट्रिय चलचित्र पुरस्कार समुन्द्र भट्ट निर्देशित ‘गुन्यू चोलो : द ड्रेस’ले पाएको छ । यो फिल्म ट्रफी र एक हजार अमेरिकी डलरले सम्मानित भयो । भट्टले यही फिल्मबाट उत्कृष्ट निर्देशकको अवार्ड जितिन् । यही चलचित्रबाट नाजिर हुसेनले सर्वोत्कृष्ट नायकको अवार्ड जिते । चलचित्र ‘कोशेढुङ्गा’बाट सुरक्षा पन्तले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितिन् ।

राष्ट्रियतर्फ सर्वोत्कृष्ट पटकथाकारको अवार्ड चलचित्र ‘केटी हराएको सूचना’बाट दीपेन्द्र गौचन पाएका छन् । सर्वोत्कृष्ट सिनेमेटोग्राफरको अवार्ड चलचित्र ‘कोशेढुङ्गा’बाटै बाबु श्रेष्ठले पाए । दक्षिण एसियाली चलचित्र अन्तर्गतको प्रतिस्पर्धामा नेपाली भाषाको भारतीय चलचित्र ‘जार’ सर्वोत्कृष्ट घोषित भएको छ । फुर्वा क्षिरिङ लामा निर्देशित यस चलचित्र ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ ।

त्यस्तै, सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय डकुमेन्ट्रीको अवार्ड आइसल्यान्डको ‘ग्राउन्ड बिनिथ आवर फिट’ले पाएको छ । इर्सा रोका फ्यानबर्ग निर्देशित यस डकुमेन्ट्रीलाई ट्रफी र एक हजार अमेरिकी डलरले सम्मान गरिएको छ ।

सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय सर्ट फिल्मको अवार्ड ‘सिप’ले पाएको छ । हादी बाबेइफरद्वारा निर्देशित इरानको यस सर्ट फिल्म ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ । सर्वोत्कृष्ट एआई थिम्ड सर्ट फिल्मको अवार्ड जितेको ‘स्पिरिट अफ द माउन्टेन’ ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ । यो पाङ जियाद्वारा निर्देशित यो चिनियाँ सर्ट फिल्म हो ।

सर्वोत्कृष्ट विद्यार्थी चलचित्रको अवार्ड मेक्सिकोको चलचित्र ‘पासारिन्हो’ घोषित भएको छ । यो चलचित्रलाई पाँच सय डलर र ट्रफीले सम्मान गरिएको छ । सर्वोत्कृष्ट राष्ट्रिय डकुमेन्ट्री दीपक छोदेन लामाद्वारा निर्देशित ‘होम इज नट अ प्लेस’ र सर्वोत्कृष्ट राष्ट्रिय सर्ट फिल्मको सुरज पौडेलद्वारा ‘रिहाना’ घोषित भए । यी दुवै ट्रफी र पचास हजार रूपैयाँले सम्मानित भए ।

डन किहोते सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड इरानी फिल्म ‘माई डटर्ज हेयर’ले पाएको छ । हेसाम फराहमान्दद्वारा निर्देशित यस फिल्मलाई प्रमाणपत्रले सम्मान गरिएको छ ।

स्पेशल मेन्सन राष्ट्रिय डकुमेन्ट्री ङिमा गेलु शेर्पाद्वारा निर्देशित ‘एज डे गोज बाइ’ घोषित भयो । यसलाई प्रमाणपत्रले सम्मान गरियो । स्पेशल मेन्सन अन्तर्राष्ट्रिय सर्ट फिल्म भारतको ‘हाउसकिप्पर’ घोषित भयो । सुर्या बालाकृष्णद्वारा निर्देशित यस सर्ट फिल्मलाई प्रमाणपत्रले सम्मान गरियो ।

स्पेशल जुरी मेन्सन अन्तर्राष्ट्रिय चलचित्र अवार्ड भने चिनियाँ चलचित्र ‘द शोर अफ लाइफ’ घोषित भएको छ । प्रमाणपत्रले सम्मानीत यस फिल्मको निर्देशक ची फ्याङ हुन् ।

प्रमुख अतिथि हार्तम्छालीले अवार्ड कार्यक्रम आयोजना गरी विदेशी फिल्म उद्योघसँग नेपाली चलचित्रलाई जोड्ने र सम्बन्ध विस्तारको काम गरेको भन्दै निफका अध्यक्ष केपी पाठकलाई धन्यवाद व्यक्त गरे । अध्यक्ष पाठकले निफ सफल पार्न सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गरे । यस संस्करणको निफ चैत १९ गतेबाट सुरु भएको थियो ।

# ‘लालीबजार’को दोस्रो गीत ‘मिठो संसार’ सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं**– षट्कोण आर्टसले निर्माण गरेको फिल्म ‘लालीबजार’ को दोस्रो गीत ‘मिठो संसार’ सार्वजनिक गरिएको छ । फिल्मका दृश्यहरूलाई समावेश गरेर तयार गरिएको लिरिकल भर्सनको गीतमा समीक्षा अधिकारीसँगै दिलिजा रुवाली, अलिशा शर्मा र पुर्णिमा तामाङको स्वर रहेको छ । कोरसमा गुराँस ठकुरी र गायत्री राना मगरको स्वर सुन्न सकिन्छ ।

उक्त गीतमा शब्द, सङ्गीत जयन जे वाइवा रहेको छ । पहिलो गीत ‘मायालाई के दिउँ म बैना’ लाई युट्युबमा भ्यूज एक करोड बढी भ्यूज प्राप्त भएपछी निर्माण पक्षले दोस्रो गीत सार्वजनिक गरेको हो । ‘मायालाई के दिउँ म बैना’ करोड भ्यूज नाघेको अवसरमा निर्माण पक्षले केक काट्दै खुसियाली समेत साटेको छ ।सार्वजनिक गरिएको दस्रो गीत ‘मिठो संसार’ मा फिल्मकी दुई कलाकार स्वस्तिमा खड्का, प्रसंशा सुवेदी, बालकलाकार समाइरा थापा लगायत फिचर्ड छन् ।

फिल्मका लेखक तथा निर्देशक यम थापाले सार्वजनिक दोस्रो गीत फिल्मको कथासँग जोडिएको बताए । उनले भने, ‘गीतमा आमा र छोरी बीचको प्रेम देखाइएको छ । छोरी प्रति आमाको माया र हुर्काउन गर्ने सङ्घर्षलाई चित्रण गरिएको छ ।’

फिल्म ‘लालीबजार’ को प्रदर्शन मिति आगामी वर्ष विसं २०८३ वैशाख १८ गतेलाई तय गरिएको छ । बर्दियाको राजापुरमा छायांकन गरिएको उक्त फिल्ममा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, जानकी कठायत, निश्चल पन्थी, विरवल चौधरी, कुन्टल लगायतको अभिनय रहेको छ ।

यसै फिल्ममार्फत विशाल देवकोटा र प्रसंशा सुवेदीले डेब्यु गर्दैछन् । विशाल थियटरमा अभिनेता र निर्देशकको रूपमा काम गरीरहेका कलाकार हुन् भने प्रसंशा जेनजी अभिनायताका रूपमा चर्चित छिन् । निर्देशक यम थापाको कथा तथा निर्देशनमा तयार भएको फिल्म ‘लालीबजार’ को पटकथा र संवाद निर्देशक थापा र निर्देशक प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन् ।

फिल्ममा कार्यकारी निर्माता प्रदीप भट्टराई रहेका छन् भने म्याक्स दीपेश खत्री र रविन्द्रसिंह बानियाँ निर्माता रहेका छन् । फिल्ममा क्रिएटिभ निर्देशक जेबी रुवाली, द्वन्द्व निर्देशक सम्राट बस्नेत, छायांकन निर्देशक सुशन प्रजापती, सम्पादक मित्रदेव गुरुङ, प्रोडक्सन हेड रूपकप्रताप अधिकारी, कलर रेनिश फागो, भिएफएक्स समिर श्रेष्ठ र सत्यम राना, ब्याकग्राउण्ड म्युजिक र मिक्सिङ रोहित शाक्य र शैलेश श्रेष्ठ, कला निर्देशक उमेश चौधरी, पब्लिसिटी डिजाइनर रोयल भीमसेन (ट्राइडेन्ट) कस्ट्युम डिजाइनर र स्टाइलिस जानकी कडायत, मेकअप काव्या थापा, सङ्गीत प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको रहेको छ ।



मुन्दुम ट्रेल अल्ट्रा रेस-२०८२

# निर्मला र विनोद बने च्याम्पियन





**खोटाङ**– ‘मुन्दुम ट्रेल अल्ट्रा रेस-२०८२ ’को उपाधि महिलातर्फ खोटाङकी निर्मला राई र पुरुषतर्फ ओखलढुङ्गाका विनोद थापामगरले जितेका छन् । महिला/पुरुष ६० किलोमिटर खुला अल्ट्रा रेस प्रतियोगितामा निर्मलाले आठ घण्टा २० मिनेट तथा विनोद छ घण्टा ५० मिनेटमा दूरी पार गर्दै उपाधि जितेकी हुन् ।

महिलातर्फ रोल्पाकी आश्मा विश्वकर्मा नौ घण्टा २१ मिनेटमा दोस्रो र सोलुखुम्बुकी आङफुर्वा शेर्पा १० घण्टा ५६ मिनेटमा दूरी पार गर्दै तेस्रो भएकी छिन् । पुरुषतर्फ सोलुखुम्बुका अर्जुन कुलुङ छ घण्टा ५६ मिनेटसहित दोस्रो र सोही जिल्लाका मिलन कुलुङ सात घण्टा छ मिनेटमा दूरी पार गर्दै तेस्रो भए ।

भोजपुरको हतुवागढी गाउँपालिका-९ कोप्चेबाट सुरु भएको मुन्दुम ट्रेल अल्ट्रा रेस प्रतियोगिता आमचोक गाउँपालिकाको बयाङ-थामडाँडा हुँदै रामप्रसाद राई गाउँपालिकाको पामाखाङ-भञ्ज्याङ, कपासे, पाँचधारे र खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङसम्म निर्धारण गरिएको थियो । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विजेता धावकहरूले क्रमशः नगद रु ८० हजार, रु ६० हजार र रु ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यस्तै, ४५ किलोमिटर खुला पुरुषतर्फ काठमाडौंका अमित गुरुङ प्रथम, ताप्लेजुङका रमेश लिम्बू दोस्रो र भोजपुरका उमेश राई तेस्रो भएका छन् । महिलातर्फ पाँचथरकी पुष्पा लिम्बू प्रथम, जुम्लाकी रोशनी बुढा दोस्रो र भोजपुरकी रुष्मा राई तेस्रो भएका छन् ।

भेट्रान पुरुषतर्फ धरानका यमनाथ लिम्बू प्रथम, धरानकै विजयकृष्ण राई दोस्रो र सुनसरीका रेशम लिम्बू तेस्रो भए भने महिलातर्फ भोजपुरकी जमुना राई प्रथम र सोही स्थानकी बिनिता राई दोस्रो भएका छन् । प्रतियोगिताका विजेताहरूलाई कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरेका हुन् ।

मन्त्री पराजुलीले तावाभञ्ज्याङ क्षेत्र पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त रहेको बताउनुहुँदै यसको समग्र विकासका लागि प्रदेश सरकार गम्भीर रहेको बताए । ‘मुन्दुम ट्रेलको प्रस्थान विन्दु यही क्षेत्रमा भएकाले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्ने निश्चित छ । साकेला गाउँपालिकाले अघि सारेको भिजनअनुसारका योजना कार्यान्वयन गर्न सके यो क्षेत्र मात्र होइन, समग्र देशको आर्थिक समृद्धिको प्रमुख आधार बन्न सक्छ,’ उनले भने, ‘पहिलो पटक आयोजना गरिएको प्रतियोगिताले तावाभञ्ज्याङ क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ ऊर्जा थपेको छ । पर्यटन प्रवर्द्धनमा प्रदेश सरकार गम्भीर छ ।’

नेपालका लागि स्विस सरकारका राजदूत डा डेनेली मेउली, कोशी प्रदेशसभाअन्तर्गत आर्थिक विकास समिति सभापति विनोद वान्तवा, भोजपुर नगरपालिकाका प्रमुख कैलाश आलेमगर, आमचोक गाउँपालिकाका अध्यक्ष अशोक राई, हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राई, रामप्रसाद राई गाउँपालिका अध्यक्ष थामबहादुर राई, टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतलगायतको उपस्थिति रहेको थियो । पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको मुन्दुम ट्रेलको प्रस्थान विन्दु खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङमा आयोजित प्रथम मुन्दुम ट्रेल अल्ट्रा रेस-२०८२ भव्य रूपमा सम्पन्न भएको सहभागीहरूले बताएका छन् ।

साकेला गाउँपालिका अध्यक्ष राईले नेपाल सरकारले १०० गन्तव्य सूचीमा समावेश गरेको मुन्दुम ट्रेलको सुरुआती विन्दु तावाभञ्ज्याङको अपेक्षित विकास हुन नसकेकामा चिन्ता व्यक्त गरे । ‘तावाभञ्ज्याङ क्षेत्रलाई पर्यटकीय हब बनाउने उद्देश्यले गाउँपालिकाले तावाताल निर्माण, धार्मिक बगैँचा तथा १३ जातजातिको सांस्कृतिक गाउँ स्थापना गर्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । तर, पटक-पटक केन्द्र र प्रदेश सरकारसँग माग गर्दा पनि यो क्षेत्र अझै ओझेलमा परेको छ । यसप्रति सम्बन्धित निकायको ध्यान जान जरुरी छ’, उनले भने, ‘संस्कृति र पर्यटन कहिल्यै समाप्त नहुने सम्पदा भएकाले धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत आर्थिक समृद्धिको ठूलो सम्भावना हुन्छ । आगामी दिनमा यसतर्फ विशेष ध्यान दिन आग्रह गर्दछु ।’ भोजपुरका आमचोक, हतुवागढी र रामप्रसाद राई गाउँपालिकाको संयुक्त आयोजना तथा खोटाङको साकेला गाउँपालिकाको व्यवस्थापनमा चैत २२ गते आइतबार सम्पन्न प्रतियोगिताले मुन्दुम ट्रेललाई अन्तरराष्ट्रियस्तरमा परिचित गराएको आमचोक गाउँपालिकाका अध्यक्ष अशोक राईले बताए । कार्यक्रमले तावाभञ्ज्याङ क्षेत्रलाई साहसिक तथा धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ । *रासस*

प्रधानमन्त्री कप क्रिकेट

# कर्णालीविरूद्ध त्रिभुवन आर्मी क्लबको शानदार जित

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)** – प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई फराकिलो रन अन्तरले पराजित गरेको छ । यहाँ वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई १३८ रनले पराजित गरेको हो ।

सुरुआती ब्याटिङ गरेको त्रिभुवन आर्मी क्लबले ४८ ओभरमा सबै विकेट गुमाउँदै २६८ रन जोडेको थियो । त्रिभुवन आर्मीका तर्फबाट अर्जुन साउदले १२० बल खेल्दै १२१ रन जोडेका थिए । यसैगरी, आर्मीकै बसीर अहमदले ७० बलमा ४५ रन जोडेका थिए ।

कर्णाली प्रदेशका दिनेश अधिकारीले चार विकेट र प्रकाश जैसीले तीन विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको कर्णाली प्रदेशले ४२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १३० रनमा सीमित भएको थियो । कर्णालीका तर्फबाट विपिनविक्रम शाही ठकुरीले ४० रन र अर्जुन घर्ती मगरले ३२ रन जोडेका थिए ।

त्रिभुवन आर्मी क्लबका सहाब आलम र बसिर अहमदले सामान तीन/तीन विकेट लिएका थिए । सोमबारको खेलमा त्रिभुवन आर्मी क्लबका अर्जुन साउद ‘प्लेयर अफ दी म्याच’ भने घोषित हुँदै नगद रु पाँच हजार पुरस्कार पाए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।

# चन्द्रगढी महिला गोल्डकप वैशाख ५ देखि

**झापा (प्रस)**– आगामी वैशाख ५ गतेदेखि हुने चन्द्रगढी महिला गोल्डकपको खेलतालिका सार्वजनिक गरिएको छ । आयोजक चन्द्रगढी युवा क्लबले खेलतालिका सार्वजनिक गरेको हो । यही २०८३ वैशाख ५ देखि १४ गतेसम्म हुने प्रतियोगिताको विजेताले नगद रु ११ लाख र ट्रफी प्राप्त गर्नेछ । यो पुरस्कार राशि महिला फुटबलमा नेपालकै सर्वाधिक भएको आयोजकले जनाएको छ । उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछ । प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद रु १० हजार पाउनेछ ।

खेलतालिकाअनुसार उद्घाटन खेलमा पोखराको आरएस पोखरा फुटबल क्लबले त्रिभुवन आर्मी फुटबल क्लबको सामना गर्नेछ । त्यस्तै वैशाख ६ गते भुटानको थिम्पु सिटी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुने अध्यक्ष रोहित सुब्बाले बताए ।

वैशाख ७ गते नेपाल पुलिस क्लब र आयोजक चन्द्रगढी युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । वैशाख ८ गते एपिएफ फुटबल क्लबले ओखलढुंगाको पदमा स्पोर्टस् क्लबविरुद्ध खेल्नेछ । वैशाख ९ गते पुलिस र आयोजकबीचको विजेतासँग भारतको रानी लक्ष्मीबाई स्पोर्टस् एकेडेमीले सामना गर्नेछ । वैशाख १० गते एपिएफ र पदमाबीचको विजेताविरुद्ध संकटा फुटबल क्लबले खेल्नेछ ।

प्रतियोगिताको पहिलो सेमिफाइनल खेल वैशाख १२ गते र दोस्रो सेमिफाइनल खेल वैशाख १३ गते हुनेछ । फाइनल खेल वैशाख १४ गते हुने प्रतियोगिता हुने उनले जानकारी दिए । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद रु ५० हजार प्रदान गरिनेछ । उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले नगद रु २५ हजार पाउनेछ ।

भद्रपुरको मेची रंगशालामा सञ्चालन हुने प्रतियोगिताको मुख्य प्रयोजक भद्रपुरकै ओम साईं पाथिभरा हस्पिटल रहेको छ ।



**जर्मनीको एटेण्डोर्नमा रहेको पहाडमा मसाल बालेर इस्टर पर्व मनाउँदै ।** *तस्बिरः एपी*

# युद्धबीच ४५ दिने विराम प्रस्ताव

**वासिङ्टन–** इरान र संयुक्त राज्य अमेरिकाबीच तीव्र बन्दै गएको युद्धकाबीच ४५ दिनको युद्धविराम र स्ट्रेट अफ हर्मुज पुनः खोल्ने प्रस्ताव अघि सारिएको छ, जसले जारी द्वन्द्वलाई अस्थायीरूपमा रोक्ने सम्भावना देखाएको छ । मध्यपूर्वका दुई अधिकारीका अनुसार इजिप्ट, पाकिस्तान र टर्कीका मध्यस्थकर्ताहरूले तयार पारेको उक्त मस्यौदा प्रस्ताव दुवै पक्षलाई पठाइएको छ, तर अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया आएको छैन ।

उक्त प्रस्तावले ४५ दिनको समयावधिमा विस्तृत वार्ता गरी स्थायी युद्धविराममा पुग्ने वातावरण तयार गर्ने लक्ष्य राखेको छ । यो प्रस्ताव इरानी विदेशमन्त्री अब्बास अराघची र अमेरिकी मध्यपूर्व दूत स्टिव विटकफलाई पठाइएको बताइएको छ । यद्यपि, दुवै पक्षबीचको अविश्वास र कडा अडानका कारण सहमति हुने नहुने अझै अनिश्चित देखिएको छ । इरानले आर्थिक क्षतिपूर्ति र पुनः आक्रमण नगर्ने ग्यारेन्टीविना युद्ध रोक्न अस्वीकार गर्दै आएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो समयसीमाभित्र हर्मुज जलडमरूमध्य पुनः नखोले कडा पूर्वाधार आक्रमण गर्ने चेतावनी दिएका छन् ।

यसैबीच, युद्धको मैदानमा हिंसा थप चर्किएको छ । आइतबारदेखि सोमबारसम्म इरानका विभिन्न सहरमा भएका आक्रमणमा २५ जनाभन्दा बढीको मृत्यु भएको छ । तेहरान नजिकैको एस्लामसार क्षेत्रमा भएको हवाई आक्रमणमामात्र कम्तीमा १५ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन् । तेहरानस्थित सरिफ युनिभर्सिटी अफ टेक्नोलोजीमासमेत आक्रमण भएको बताइएको छ, जसका कारण विश्वविद्यालयका अनलाइन सेवाहरू पूर्णरूपमा अवरुद्ध भएका छन् र विद्यार्थीहरू क्याम्पस छोड्न बाध्य भएका छन् ।

सैन्य पक्षमा इरानले ठूलो क्षति बेहोरेको छ । इरानी अर्धसैनिक रिभोलुसनरी गार्डका गुप्तचर प्रमुख मेजर जनरल माजिद खादेमी लक्षित आक्रमणमा मारिएको इरानी राज्य मिडियाले जनाएको छ । इजरायलले पनि उक्त कारबाहीको पुष्टि गर्दै गार्डका शीर्ष नेतृत्वलाई क्रमशः निशाना बनाइरहेको जनाएको छ । यसअघि पनि गार्डका अन्य वरिष्ठ अधिकारीहरू मारिएका थिए । इजरायलले इरानका स्टिल र पेट्रोकेमिकल उद्योगमासमेत गम्भीर क्षति पुऱ्याएको दाबी गरेको छ ।

युद्ध क्षेत्र विस्तार हुँदै खाडी मुलुकसम्म पुगेको छ । संयुक्त अरब इमिरेट्सको फुजैराहमा इरानी ड्रोन आक्रमणले दूरसञ्चार भवनमा क्षति पुऱ्याएको छ भने अबु धाबीमा मिसाइल अवरोधका क्रममा एक व्यक्ति घाइते भएका छन् । इजरायलतर्फ पनि लगातार क्षेप्यास्त्र प्रहार भइरहेको छ । हाइफा र मध्य इजरायलका विभिन्न सहरहरूमा प्रहार हुँदा आवासीय भवनहरूमा क्षति पुगेको, केही घाइते भएको र आगलागी भएको रिपोर्ट आएको छ । यसअघि हाइफामा भएको आक्रमणमा दुई जनाको मृत्यु भइसकेको छ भने दुई जना अझै बेपत्ता छन् ।

युद्धको प्रभाव विश्वव्यापीरूपमा फैलिँदै गएको छ । फेब्रुअरी २८ मा सुरु भएको यस द्वन्द्वले हजारौंको ज्यान लिइसकेको छ, अन्तर्राष्ट्रिय बजार अस्थिर बनाएको छ र प्रमुख ऊर्जा आपूर्ति मार्गहरू अवरुद्ध पारेको छ । विशेषगरी हर्मुज जलडमरूमध्य बन्द हुँदा विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ ।

यसै सन्दर्भमा विभिन्न देशहरूले वैकल्पिक ऊर्जा आपूर्ति सुनिश्चित गर्न प्रयास तीव्र बनाएका छन् । दक्षिण कोरियाले साउदी अरेबियाको यानबु बन्दरगाहतर्फ नयाँ तेल ढुवानी मार्ग खोल्न जहाजहरू पठाउने योजना बनाएको छ भने कूटनीतिक पहल पनि बढाएको छ ।

युद्धले मानवअधिकारको प्रश्न पनि उठाएको छ । इरानले जनवरीमा भएको विरोध प्रदर्शनसँग सम्बन्धित एक व्यक्तिलाई मृत्युदण्ड दिएको छ, जसलाई अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले गम्भीररूपमा आलोचना गरेका छन् ।

समग्रमा, युद्धकाबीच आएको ४५ दिने युद्धविराम प्रस्तावले तनाव कम गर्ने सम्भावना देखाए पनि दुवै पक्षको कडा अडान र निरन्तर बढ्दो हिंसाले तत्काल समाधानको सम्भावना अझै अनिश्चित देखिएको छ । *रासस/एपी*



## युद्ध अन्त्यतर्फ अमेरिका र इरानबीच कूटनीतिक पहल

**वासिङ्टन डिसी–** संयुक्त राज्य अमेरिका, इरान र क्षेत्रीय मध्यस्थकर्ताबीच जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले सम्भावित ४५ दिने युद्धविरामका लागि गम्भीर छलफल भइरहेको जनाइएको छ ।

कूटनीतिक स्रोतहरूका अनुसार प्रस्तावित योजना दुई चरणमा अघि बढ्ने छ, जसले दीर्घकालीन शान्ति स्थापना गर्ने लक्ष्य राखेको छ । पहिलो चरणअन्तर्गत ४५ दिनको अस्थायी युद्धविराम लागू गरिने छ, जुन अवधिमा दुवै पक्षबीच विश्वास निर्माण गर्ने, तनाव घटाउने तथा स्थायी समाधानका आधार तयार पार्ने विषयमा व्यापक वार्ता सञ्चालन गरिने छ । यस अवधिमा मानवीय सहायता प्रवाहलाई सहज बनाउने, प्रभावित क्षेत्रमा राहत पुऱ्याउने र थप सैन्य गतिविधि रोक्ने विषयमा पनि ध्यान दिइने अपेक्षा गरिएको छ ।

दोस्रो चरणमा भने पहिलो चरणका वार्ताबाट प्राप्त प्रगतिका आधारमा युद्धको पूर्ण अन्त्यका लागि अन्तिम सहमति गर्ने प्रयास गरिने छ । यदि निर्धारित समयभित्र सहमति नजुटेमा वार्तालाई निरन्तरता दिन युद्धविराम अवधि थप गर्न सकिने सम्भावना पनि खुला राखिएको छ । साथै रणनीतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिने हर्मुज जलडमरूलाई पूर्णरूपमा पुनः सञ्चालन गर्ने विषय र इरानको उच्चस्तरको युरेनियम समृद्धीकरणसम्बन्धी संवेदनशील मुद्दा अन्तिम व्यापक सम्झौतामार्फत मात्र समाधान गरिने अपेक्षा गरिएको छ । यी विषयहरू क्षेत्रीय स्थिरता, अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले वार्तामा विशेष प्राथमिकता दिइएको छ ।

उक्त पहल सफल भएमा दीर्घकालीन द्वन्द्व अन्त्य गरी क्षेत्रीय शान्ति र स्थायित्व स्थापना गर्ने महत्त्वपूर्ण कदम बन्न सक्ने विश्वास गरिएको छ । *रासस/सिन्ह्वा*

# तेल उत्पादन बढाउँदै ओपेक

**भिएना–** तेल निर्यात गर्ने मुलुकहरूको संगठन (ओपेक) र उसका सहयोगी देशहरूले मे महिनामा दैनिक दुई लाख छ हजार ब्यारेल तेल उत्पादन बढाउने निर्णय गरेका छन् । यो निर्णय ओपेकद्वारा जारी गरिएको आधिकारिक वक्तव्यमा उल्लेख छ ।

निर्णय 'भर्चुअल' बैठकपछि सार्वजनिक गरिएको थियो, जसमा साउदी अरेबिया, रुस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, काजाकस्तान, अल्जेरिया र ओमान सहभागी थिए । बैठकले विश्वबजारको अवस्था र भावी दृष्टिकोणको समीक्षा गरेको थियो ।

मध्यपूर्वमा जारी सैनिक संघर्षकाबीच यी आठ ओपेक प्लस देशहरूले ऊर्जा आपूर्ति सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुद्री मार्गको सुरक्षा अत्यन्त महत्त्वपूर्ण भएको औंल्याएका छन् । साथै, ऊर्जा पूर्वाधारमाथि भएका आक्रमणहरूले आपूर्ति प्रणालीमा नकारात्मक असर पुऱ्याएको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनीहरूले क्षतिग्रस्त ऊर्जा संरचनालाई पूर्णक्षमतामा पुनःस्थापना गर्न महँगो र समय लाग्ने भएकाले सावधानी अपनाउन आवश्यक भएको बताए ।





ओपेक प्लसका यी आठ देशहरू अर्को बैठक मे ३ मा आयोजना गर्दै थप निर्णय गर्ने योजना बनाएका छन् । फेब्रुअरी २८ देखि संयुक्त राज्य अमेरिका र इजरायलद्वारा इरानमा गरिएको हवाई आक्रमणपछि मध्यपूर्वमा द्वन्द्वले क्षेत्रीय ऊर्जा आपूर्तिमा गम्भीर अवरोध सिर्जना गरेको छ । यसका कारण कच्चा तेल र परिस्कृत तेल उत्पादन तथा ढुवानीमा उल्लेखनीय गिरावट आएको छ ।

तेल आपूर्ति वृद्धि गर्ने यो कदमले विश्व ऊर्जा संकटसँग जुध्ने रणनीतिक प्रयासको रूपमा हेरिएको छ । *रासस/सिन्ह्वा*

# क्षेत्रीय युद्धबारे इरान, रुस र भारतबीच कूटनीतिक संवाद

**तेहरान–** इरान का विदेशमन्त्री सेयद अब्बास अराघचीले जारी क्षेत्रीय द्वन्द्वका विषयमा रुस र भारतका विदेशमन्त्रीहरूसँग टेलिफोनमार्फत छुट्टाछुट्टै छलफल गरेका छन् ।

इरानको विदेश मन्त्रालयद्वारा सार्वजनिक गरिएको विवरणअनुसार उनले सेर्गेई लावरोभ र सुब्रमण्यम जयशंकरसँग पश्चिम एसियामा भइरहेको पछिल्लो अवस्थाबारे तथा संयुक्त राज्य अमेरिका र इजरायलका आक्रमणका कारण उत्पन्न सुरक्षा र आर्थिक प्रभावबारे विचार आदानप्रदान गरेका हुन् ।

अराघचीले पछिल्ला ३७ दिनमा अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएका आक्रमणहरूबारे विस्तृत जानकारी दिँदै औद्योगिक संरचना, उत्पादन केन्द्र, अस्पताल, विद्यालय, आवासीय क्षेत्र तथा आणविक केन्द्रहरूमा भएको क्षतिबारे चर्चा गरेका थिए । उनले संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रभावशाली सदस्यहरूलाई अन्तर्राष्ट्रिय कानुनअनुसार जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरे ।

उनले इरानी जनता र सुरक्षा बलहरू आफ्नो राष्ट्रिय हित र सुरक्षाको रक्षा गर्न दृढ रहेको उल्लेख गर्दै अमेरिका र इजरायलका कदमले क्षेत्रीय तथा विश्व स्थिरतामा गम्भीर असर पार्न सक्ने चेतावनी दिएका छन् ।

यसैबीच, लावरोभले नागरिक लक्षित आक्रमणहरू, विशेषगरी बुशेहर आणविक विद्युत् केन्द्रमा गरिएका हमलाहरू तत्काल रोक्नुपर्नेमा जोड दिए र द्वन्द्व विस्तार हुन नदिन सबै अवसरहरूको उपयोग गर्नुपर्ने बताए ।

त्यस्तै, जयशंकरले क्षेत्रीय स्थिरता र सुरक्षालाई पुनःस्थापित गर्न कूटनीतिक प्रयासहरूको महत्त्व औंल्याउँदै युद्ध रोक्न भइरहेका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पहलप्रति भारतको समर्थन रहेको बताएका छन् ।

फेब्रुअरी २८ देखि अमेरिका र इजरायलद्वारा इरानमाथि संयुक्त आक्रमण सुरु भएपछि क्षेत्रीय तनाव बढेको हो, जसको प्रत्युत्तरमा इरान र उसका सहयोगीहरूले मध्यपूर्व क्षेत्रमा अमेरिकी र इजरायली हितहरूलाई लक्षित गर्दै आक्रमण गरेका छन् । *रासस/सिन्ह्वा*

## राजनीतिक अस्थिरताबीच लिबियाको तेल उत्पादनमा सुधार

**त्रिपोली–** लिबियाको कच्चा तेल उत्पादन बढेर दैनिक करिब १४ लाख ३० हजार ब्यारेल पुगेको छ, जुन पछिल्लो एक दशकयताकै उच्च स्तर भएको जनाएको छ । राष्ट्रिय तेल निगमका प्रमुख मसूद सुलेमानका अनुसार उत्पादनमा आएको यो वृद्धि देशको ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

उनले हालै सम्पन्न एक बैठकमा जानकारी दिँदै फेब्रुअरी महिनामा तेल बिक्रीबाट प्राप्त आम्दानी दुई अर्ब अमेरिकी डलरभन्दा बढी रहेको र उक्त रकम कुनै कटौतीविना पूर्णरूपमा सरकारी कोषमा जम्मा गरिएको बताए, जुन पछिल्ला केही वर्षमा पहिलोपटक भएको उल्लेख गरिएको छ । यसले देशको आर्थिक पारदर्शिता र व्यवस्थापन सुधारतर्फ संकेत गरेको छ ।

सुलेमानका अनुसार विश्वव्यापी संकटहरूका बाबजुद देशभित्र इन्धन आपूर्ति स्थिर रहेको छ । साथै, अल-शरारा तेल क्षेत्रको निर्यात पाइपलाइनमा गरिएको मर्मत कार्य सम्पन्न भइसकेको र उत्पादन पुनः सामान्य अवस्थामा फर्किएको छ । यो तेल क्षेत्र लिबियाको सबैभन्दा ठूलो हो, जुन राजधानी त्रिपोलीबाट करिब ९०० किलोमिटर दक्षिणमा अवस्थित छ र दैनिक तीन लाख ब्यारेलभन्दा बढी उत्पादन क्षमता राख्छ ।

उनले थप स्पष्ट पार्दै तेल उत्पादनलाई स्थिर राख्न र अझ बढाउन विद्युत् आपूर्ति प्रणालीको स्थिरता तथा उत्पादन दक्षता सुधार अत्यावश्यक रहेको बताए । लिबियाको अर्थतन्त्र मुख्यरूपमा तेल र ग्यास निर्यातमा निर्भर रहेको छ, तर द्वन्द्व र राजनीतिक अस्थिरताका कारण विगतमा बारम्बार उत्पादन र आपूर्तिमा अवरोध हुँदै आएको थियो ।

हालको उत्पादन वृद्धि लिबियाको आर्थिक पुनरुत्थान र ऊर्जा क्षेत्रको स्थायित्वतर्फको सकारात्मक संकेतका रूपमा हेरिएको छ । *रासस/सिन्ह्वा*

## ऊर्जा महँगीको चपेटामा श्रीलंका

**कोलम्बो–** मध्यपूर्वमा जारी द्वन्द्वको प्रत्यक्ष असर झेल्दै श्रीलंकाले घरेलु तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को मूल्य सोमबार झण्डै एक चौथाइले बढाएको छ । यसले आर्थिक रूपमा पुनर्उत्थानको प्रयासमा रहेको देशमा थप दबाब सिर्जना गरेको छ ।

सरकारले विश्व बजारमा बढ्दो मूल्यलाई कारण देखाउँदै ग्यासको मूल्य वृद्धि गरेको हो । श्रीलंका पूर्णरूपमा ग्यास र तेल आयातमा निर्भर रहँदै आएको छ भने विद्युत् उत्पादनका लागि कोइला पनि बाह्य स्रोतबाट खरिद गर्नुपर्ने अवस्था छ । यस पृष्ठभूमिमा मध्यपूर्वमा लामो समयदेखि जारी युद्धले देशको अर्थतन्त्रलाई पुनः कमजोर बनाउने चिन्ता बढेको छ ।

सोमबार गरिएको मूल्य समायोजन गत महिना गरिएको आठ प्रतिशत वृद्धिपछि आएको हो, जसले निरन्तर बढ्दो ऊर्जा लागतको संकेत गरेको छ । *रासस/एएफपी*

# चन्द्र परिक्रमा उडानमा ऐतिहासिक मोड

**हस्टन–** नासाको आर्टेमिस अभियानअन्तर्गत अन्तरिक्ष यात्रीहरूको टोली आइतबार चन्द्रमाको वरिपरि 'स्लिंगशट' मार्गमा प्रवेश गर्दै एक महत्त्वपूर्ण चरणमा पुगेको छ, जसले भविष्यका चन्द्र अवतरण मिसनका लागि नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ । आधा शताब्दीभन्दा बढीपछि मानवयुक्त चन्द्र परिक्रमा उडान पुनः सुरु भएको यो क्षणले वैज्ञानिक तथा ऐतिहासिक दुवै दृष्टिले विशेष अर्थ राखेको छ ।



ओरियन क्याप्सुलमा सवार तीन अमेरिकी र एक क्यानाडाली अन्तरिक्षयात्री चन्द्रमाको गुरुत्वाकर्षणको प्रभावमा आफ्नो मार्ग परिवर्तन गर्दै पृथ्वीबाट अहिलेसम्मको सबैभन्दा टाढाको दूरीतर्फ अघि बढिरहेका छन् । यो उडानले केवल दूरीको रेकर्डमात्र होइन, विविधताको नयाँ इतिहास पनि रचेको छ । भिक्टर ग्लोभर चन्द्र परिक्रमा गर्ने पहिलो रङको व्यक्ति बन्ने क्रममा छन् भने क्रिस्टिना कोच पहिलो महिला बन्ने निश्चित भएको छ । त्यसैगरी, जेरेमी हयानसेन चन्द्र परिक्रमा गर्ने पहिलो गैरअमेरिकीको रूपमा इतिहासमा अंकित हुने छन् । मिसन कमाण्डर रिड वाइसम्यानको नेतृत्वमा टोलीले चन्द्रमाको अध्ययनलाई प्राथमिकतामा राखेको छ ।

चन्द्रमाको टाढाको भागमा पुग्दै गर्दा अन्तरिक्षयात्रीहरूले मानव आँखाले कहिल्यै प्रत्यक्ष नदेखेका दृश्यहरू अवलोकन गर्न थालेका छन् । आइतबार नासाले सार्वजनिक गरेको तस्बिरमा ओरियन्टल बेसिन स्पष्ट देखिएको छ, जुन विशाल क्रेटरलाई कहिलेकाहीँ 'चन्द्रमाको ग्राण्ड क्यानियन' पनि भनिन्छ । यसअघि यस्ता दृश्य केवल स्वचालित क्यामेराबाट मात्र कैद भएका थिए । अन्तरिक्षबाट क्यानाडाली बालबालिकासँगको संवादमा कोचले उक्त बेसिन प्रत्यक्ष देख्न पाउँदा टोली अत्यन्त उत्साहित भएको बताए ।

उडानको अन्तिम चरणतिर अन्तरिक्षयात्रीहरूले दुर्लभ खगोलीय दृश्य (सूर्यग्रहण) अवलोकन गर्ने अवसर पनि पाउने छन्, जहाँ सूर्य चन्द्रमाको पछाडि लुकेको अवस्थामा यसको बाहिरी तह 'कोरोना' स्पष्ट देख्न सकिने छ । यससँगै उनीहरूले 'ओरियन क्रु सर्भाइवल सिस्टम' (ओसिएसएस) स्पेससुटको परीक्षण पनि गरिरहेका छन्, जसले आपत्कालीन अवस्थामा छ दिनसम्म जीवन धान्न सक्ने हावा उपलब्ध गराउन सक्छ ।

यो मिसनले चन्द्रमामा अवतरण नगरे पनि चन्द्र परिक्रमा क्रममा पृथ्वीबाट सबैभन्दा टाढा पुग्ने नयाँ कीर्तिमान कायम गर्ने अपेक्षा गरिएको छ । नासाका प्रशासक जारेड आइज्याकम्यानका अनुसार यस अभियानबाट संकलित तथ्यांक आगामी आर्टेमिस-३ (२०२७) र आर्टेमिस-४ (२०२८) जस्ता चन्द्र अवतरण मिसनका लागि अत्यन्त महत्त्वपूर्ण हुने छन् ।

हालसम्म अन्तरिक्षयात्रीहरूले म्यानुअल पाइलटिङ अभ्यास सम्पन्न गर्नुका साथै चन्द्र सतहका विभिन्न भू-आकृतिको अध्ययन, तस्बिर संकलन र उडान योजनाको समीक्षा गरिसकेका छन् । नासाले विशेषगरी अन्तरिक्ष यानको जीवन समर्थन प्रणाली र समग्र इकोसिस्टमको कार्यक्षमतामा ध्यान केन्द्रित गरिएको जनाएको छ । यो पहिलोपटक भएकोले अन्तरिक्षयात्रीहरूले यस यानबाट प्राप्त हुने प्रत्येक तथ्यांकलाई उच्च प्राथमिकताका साथ संकलन गरिरहेका छन् । *रासस/एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९१४०० | प्रति तोला – ० | प्रति तोला – ४७८० |



**एक्स्पोमा आगन्तुक** | नर्सरी व्यवसायी संघ नेपालले काठमाडौंको भृकुटीमण्डपमा चैत १९ देखि २३ गतेसम्म आयोजना गरेको तेस्रो 'नेसनल हर्टिकल्चर एक्स्पो'मा विभिन्न फूलका बिरुवा किन्नका लागि आएका सर्वसाधारण । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# नेपाललाई 'ग्रे-लिस्ट'बाट बाहिर निकाल्नु पहिलो प्राथमिकता

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई वित्तीय कारबाही कार्यदल एफएफिएफको 'ग्रे लिस्ट'बाट बाहिर निकाल्नु सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन् । मन्त्री वाग्लेले नेपाल 'ग्रे लिस्ट'का कारण अन्तरराष्ट्रियस्तरमा देशको छवि प्रभावित हुनुका साथै लगानी वातावरणमा नकारात्मक असर परेको बताएका हुन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँग सोमबार भएको छलफलमा अर्थमन्त्री वाग्लेले नेपाललाई ग्रे लिस्टबाट बाहिर निस्कन प्रक्रिया सुरु गरिसकेको बताएका छन् ।

'हामी कागजमै सीमित रहने होइन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छौँ', उनले भने । सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधका विषयमा भइरहेको अनुसन्धान दीर्घकालीन प्रमाणका आधारमा अघि बढेको उल्लेख गर्दै उनले ह्वाइट-कलर क्राइममा आर्थिक जरिवानालाई प्राथमिकता दिने नीति रहेको स्पष्ट पारे ।

'कुनै व्यक्ति वा संस्थालाई छानेर दुःख दिने हाम्रो नियत होइन', उनले भने, 'हामी खुला बजार अर्थनीतिमा विश्वास गर्छौं, तर त्यो छाडा अर्थतन्त्र होइन ।' न्याय निरूपण अदालतमार्फत हुने उल्लेख गर्दै उनले कानुनअनुसार कसैलाई पनि कारबाहीबाट उन्मुक्ति नदिइने तर निजी क्षेत्रलाई लक्षित गरेर धरपकड नगर्ने स्पष्ट पारे ।

### सेयर बजारप्रति सरकार उदार

त्यसैगरी मन्त्री वाग्लेले सेयर बजारमा अनावश्यक त्रास फैलाइएको भन्दै सरकार साना लगानीकर्तालाई लक्षित गरेर कुनै धरपकड अभियानमा नरहेको स्पष्ट पारेका छन् ।

मन्त्री वाग्लेले सेयर बजारप्रति सरकारको नीति स्पष्ट पार्दै साना लगानीकर्तालाई आतंकित पार्ने गतिविधि अनुचित भएको उल्लेख गरे । 'सरकारले साना लगानीकर्तामाथि कारबाही गर्ने कुनै उद्देश्य राखेको छैन', उनले भने ।

उनका अनुसार नेपालमा सेयर बजार अन्य धेरै क्षेत्रभन्दा व्यवस्थित र पारदर्शी रहेको छ । पेपरलेस प्रणाली, बैंकमार्फत कारोबार, लाभांश सिधै खातामा जम्मा हुने व्यवस्था, स्पष्ट कर प्रणाली तथा खरिद-बिक्रीको ट्र्याकिङ सम्भव भएकाले यो क्षेत्र विश्वसनीय रहेको उनको भनाइ थियो । 'स्टक मार्केटलाई हामीले डिजिटलाइजेसनको नमूना क्षेत्रका रूपमा लिएका छौँ', उनले भने, 'अन्य क्षेत्रमा पनि यही मोडेल विस्तार गर्ने लक्ष्य छ ।'

अर्थमन्त्री डा. वाग्लेले सेयर बजारमा लगानीकर्तालाई 'सम्पत्ति कहाँबाट ल्यायौँ' भनेर सोध्ने अवस्था नरहेको स्पष्ट पार्दै सरकारले धरपकडको नीति नलिएको दोहोर्‍याए । तर, इन्साइडर ट्रेडिङ, बजार हेरफेर (म्यानिपुलेसन) वा अन्य अनैतिक गतिविधिमा संलग्नलाई भने विद्यमान कानुनअनुसार कारबाही हुने उनले बताए ।

उनले लगानीकर्तालाई नआत्तिन आग्रह गर्दै आगामी दिनमा सेयर बजार सुधारका लागि काम अघि बढाइने जानकारी दिए । नेप्से पुनःसंरचना प्रतिवेदन अध्ययन गरी आवश्यक सुधार लागू गरिने र नीतिगत रूपमा लगानीकर्तामैत्री दृष्टिकोण अवलम्बन गरिने उनको भनाइ थियो ।

'अहिले बजार घटेको अवस्थामा अतालिनु आवश्यक छैन, सुनौला दिन आउँदैछन्', उनले भने, 'सरकार पाँच वर्षको कार्यकालका लागि आएको हो, एक साताको उतारचढावलाई लिएर निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन ।' छलफलमा अर्थमन्त्री वाग्लेले राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रका बुँदा ३३ र ३४ कार्यान्वयनमार्फत सेयर बजारप्रति सरकारको उदार नीति पुष्टि हुने पनि उल्लेख गरे ।



## 'आगामी बजेट आर्थिक रूपान्तरणमा केन्द्रित हुन्छ'

**काठमाडौं –** अर्थमन्त्री डा स्वार्णिम वाग्लेले आगामी जेठ १५ मा प्रस्तुत गरिने बजेट आर्थिक रूपान्तरणमा केन्द्रित हुने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का प्रतिनिधिसँग सिंहदरबारस्थित कार्यकक्षमा सोमबार भएको छलफलमा उनले वर्तमान आर्थिक, नीतिगत र समसामयिक विषयमा सरकारको धारणा स्पष्ट पार्दै सरकारको नीति राजनीतिक सुशासनसँगै आर्थिक सुशासन कायम गर्ने रहेको बताए ।

बजेटमा सरकारी स्वामित्वका संस्थानहरूको व्यवस्थापनका लागि महत्वपूर्ण समेटिने बताउँदै मन्त्री डा. वाग्लेले गोरखकालीलगायत केही संस्थानलाई कुन 'मोडालिटी' मा सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको उल्लेख गरे ।

सरकारले अघि बढाएको सम्पत्ति शुद्धिकरणसम्बन्धी अनुसन्धानबाट केही समूह अतालिएको बताउँदै उहाँले अनुसन्धान थप सशक्त बनाउदै नियमविपरीत कारोबार गर्नेलाई आवश्यक कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे । मुलुकलाई 'ग्रे लिस्ट' बाट हटाउन पनि सरकारले सम्पत्ती शुद्धीकरणबारे अनुसन्धान सुरु गर्नुपरेको जानकारी दिँदै मन्त्री वाग्लेले वर्षौंदेखि अनुसन्धान भएर थन्केका मुद्दाहरूलाई अगाडि बढाइएको स्पष्ट पारे ।

उनले मध्यपूर्वमा बढ्दो द्वन्द्वलाई ध्यानमा राख्दै सरकारले आवश्यक सावधानी अपनाएको र दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरिसकेको जानकारी दिए । मन्त्री डा. वाग्लेले युद्धग्रस्त देशमा रहेका २५ लाख नेपालीलाई स्वदेश फर्काउने भन्दा पनि समस्या परेका नेपालीलाई प्राथमिकताका साथ उद्धार गर्ने काम भइरहेको उल्लेख गरे ।

नाफिज अध्यक्ष मेनुका कार्कीले सरकारले प्रत्येक वर्ष ठूलो आकारको बजेट ल्याउने र कार्यान्वयनमा समस्या हुने हुँदा त्यसको विकल्पमा देशले आर्थिक विकासमा फड्को मार्ने गरी नीति कार्यक्रम ल्याउन आग्रह गरिन् ।

# धौलागिरि र अन्नपूर्ण आरोहणका लागि ४४ जनाले लिए अनुमति

**म्याग्दी (प्रस)–** चालु वसन्त यामम‍ा धौलागिरि र अन्नपूर्ण हिमाल आरोहणका लागि ४४ जनाले अनुमति लिएका छन् । म्याग्दीको धौलागिरि गाउँपालिका-४ स्थित आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल तथा अन्नपूर्ण गाउँपालिका-४ मै रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहणका लागि उनीहरूले अनुमति लिएका हुन् ।

धौलागिरि आरोहणका लागि दुई समुहका आठ महिलासहित १७ जनाले अनुमति लिएका पर्यटन विभागले जनाएको छ । विभागले पछिल्लो पटक जारी गरेको विवरणअनुसार अन्नपूर्ण हिमाल आरोहणका लागि चार समूहका आठ महिलासहित २७ जनाले अनुमति लिएका छन् ।

धौलागिरि आरोहण अनुमतिबापत रु ७५ लाख ६४ हजार ६५० र अन्नपूर्णको आरोहण अनुमतिबाट रु एक करोड २० लाख ४९ हजार १७५ रोयल्टी प्राप्त भएको विभागका शाखा अधिकृत शर्मिला बञ्जाडेले जानकारी दिइन् । उनका अनुसार वसन्तयाममा अन्नपूर्ण धौलागिरिसहित हालसम्म १२ हिमाल आरोहण गर्न २४ समूहका १७० जनाले अनुमति लिँदा रु १० करोड ८७ लाख ३० हजार रोयल्टी संकलन भएको छ । दैनिकजसो आरोहण अनुमति लिनेहरूको संख्या थपिँदै गएको छ ।

गत शरदयाममा धौलागिरि हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए भने अन्नपूर्ण आरोहणको अनुमति कसैले पनि लिएका थिएनन् । गत वर्षको वसन्त याममा धौलागिरि आरोहण गर्न दुई समूहका १५ जना र अन्नपूर्ण चढ्न ६६ जनाले अनुमति लिएका थिए । अन्नपूर्ण र धौलागिरि हिमालको आधार शिविरमा आरोहीको टोली पुगेर आरोहणको तयारी थालेको छ ।

# महासंघ कोशीको अध्यक्षमा राउत पुनः निर्वाचित

**मोरङ (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको अध्यक्षमा राजेन्द्र राउत पुनः निर्वाचित भएका छन् । महासंघ निर्वाचन समितिले सोमबार घोषणा गरेको परिणामअनुसार अध्यक्षमा राउत विजयी भएका हुन् । उनले प्रतिस्पर्धी नवीन रिजाललाई पराजित गरे । उक्त निर्वाचनमा अध्यक्ष राउतको प्यानल नै विजयी भएको छ ।

जिल्ला नगरतर्फको उपाध्यक्षमा ऋषिराज तिम्सिना, वस्तुगततर्फ राजन श्रेष्ठ र एसोसिएट उपाध्यक्षमा रवीन दाहाल निर्विरोध निर्वाचित भएका हुन् ।

यसैगरी कोषाध्यक्षमा श्रवणकुमार अग्रवाल तथा एसोसिएट सदस्यमा देवकीनन्दन अग्रवाल र भविषकुमार श्रेष्ठ निर्विरोध चयन भएका छन् । जिल्ला नगरबाट सदस्यमा कृष्णप्रसाद रिजाल, राजु ढुङ्गाना राजीव, जयप्रकाश शर्मा, हर्कबहादुर श्रेष्ठ र नवीनकुमार चौधरी निर्वाचित भएका छन् भने वस्तुगततर्फ सुभाष आचार्य र दीपक पाण्डे निर्वाचित भएका छन् ।

महासंघ कोशीमा जिल्ला नगर उद्योग वाणिज्य संघहरूबाट ३८, वस्तुगत संघसंस्थाबाट १९ र एसोसिएटबाट १४८ जनाले महासंघको नेतृत्व चयनका लागि मतदान गरेका थिए ।

## कर्पोरेट

### सिएफमोटोका सेवा देशैभर




**काठमाडौं (प्रस)–** सिएफमोटो नेपालले देशका विभिन्न प्रमुख सहरहरूमा आफ्ना जेनुइन स्पेयर पार्ट्स किफायती तथा ग्राहकमैत्री मूल्यमा उपलब्ध गराएको घोषणा गरेको छ । यस पहलले देशभरका सिएफमोटो प्रयोगकर्ताहरूलाई सहज पहुँच, भरपर्दो सेवा र किफायती मर्मत सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । नेपालको प्रिमियम मोटरसाइकल सेग्मेन्टमा आफ्नो उपस्थिति विस्तार गरिरहेको सिएफमोटोले काठमाडौं उपत्यका भित्र तथा बाहिर दुबै क्षेत्रमा स्पेयर पार्ट्सको सहज उपलब्धता सुनिश्चित गर्दै आफ्नो सेवा सञ्जाललाई थप सुदृढ बनाइरहेको छ ।

सिएफमोटो नेपाल ग्राहक सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै निरन्तर सुधारको दिशामा अघि बढिरहेको छ । कम्पनीले स्पेयर पार्ट्सको मूल्यलाई ग्राहकमैत्री बनाउनुका साथै आफ्ना प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि सिएफमोटो ग्लोबलद्वारा सञ्चालन गरिएका विभिन्न तहका तालिम कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउँदै आएको छ ।

### ज्योति विकास बैंकद्वारा सप्तरीका स्थानीयलाई मोतिबिन्दुको निःशुल्क शल्यक्रिया

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा सप्तरी जिल्लाका ७० जना स्थानीयलाई निःशुल्क मोतिबिन्दु शल्यक्रिया गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत उक्त निःशुल्क आँखा जाँच तथा मोतिबिन्दु शल्यक्रिया शिविरमा सहयोग गरेको हो ।

सप्तरी जिल्लाको रूपनगरस्थित तिलगंगा सर्जिकल आँखा केन्द्रको परिसरमा आयोजित उक्त स्वास्थ्य शिविरमा २००० भन्दा बढी व्यक्तिको निःशुल्क आँखा जाँच भएको हो । उक्त कार्यक्रममा ४०७ जनाको मोतिबिन्दु शल्यक्रिया सम्पन्न भएकोमा ज्योति विकास बैंकको प्रत्यक्ष सहयोगमा ७० जना स्थानीयको निःशुल्क शल्यक्रिया भएको छ । साथै, ४०७ जना बिरामीहरूको शल्यक्रिया पश्चात् आवश्यक पर्ने चस्मा र औषधिहरू पनि निःशुल्क प्रदान गरिएको छ । यस पहलमार्फत दृष्टिविहीन हुन सक्ने जोखिममा रहेका समूदायका सदस्यहरूलाई सहज र गुणस्तरीय उपचार सेवा निःशुल्क उपलब्ध गराउँदै उनीहरूको जीवनस्तर सुधारमा बैंकले योगदान दिएको छ ।



स्थानीयको दैनिकीमा सहजताका साथै आत्मनिर्भरतामा समेत टेवा पुर्‍याउने उद्देश्यका साथ बैंकले यस कार्यक्रममा सहकार्य गरेको हो ।

ज्योति विकास बैंकले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा तिलगंगा आँखा प्रतिष्ठानसँग सहकार्य गरी निः शुल्क मोतिबिन्दु शल्यक्रिया सेवा प्रदान गर्ने घोषणा गरेको थियो । उक्त सहकार्य सम्झौता अनुरूप मोतिबिन्दु शल्यक्रिया सम्पन्न गरिएको छ । ज्योति विकास बैंकले आगामी दिनहरूमा पनि यस्ता प्रभावमुखी सामाजिक पहलहरूलाई निरन्तरता दिँदै समाजको समग्र विकास र अभ्युदयमा योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

# अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी २७ चैतदेखि

**चितवन (प्रस)–** दशौँ अन्तरराष्ट्रिय प्रदर्शनी यही चैत २७ गतेदेखि सुरु हुने भएको छ । चितवन उद्योग संघको आयोजनामा हुन लागेको प्रदर्शनी २९ गतेसम्म सञ्चालन हुने छ । संघले सोमबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी प्रदर्शनीका बारेमा जानकारी गराएको छ । नेपालका उद्योगहरूको प्रवर्द्धनका लागि आयोजना गर्न लागिएको प्रदर्शनीले आयातलाई प्रतिस्थापन गर्दै निर्यातलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने संघका अध्यक्ष मदन घिमिरेले जानकारी दिए ।

प्रदर्शनीमा उत्पादन तथा सेवामूलक उद्योगको लागि उपयोगी हुने मेसिन तथा प्रविधिको प्रदर्शनी गरिने छ । हस्तकला, गार्मेन्ट, निर्माणजन्य सामग्रीहरू, प्लाष्टिक, प्रिन्टिङ, प्याकेजिङ, कृषि, ऊर्जालगायतका उत्पादनलाई सहयोग पुग्ने सामग्रीको प्रदर्शनी गरिने छ ।

प्रदर्शनीमा सातवटै प्रदेशका स्टलहरू रहने छन् । राष्ट्रिय आविस्कार केन्द्रको प्रविधि तथा मेसिनरीको स्टल र मेक इन नेपाल स्वदेशी अभियानमा आबद्ध उद्योगसमेत स्टलमा रहने उनले जानकारी दिए । एक सय वटा स्टल रहने प्रदर्शनीमा २५ हजारभन्दा बढी उद्योगी, व्यवसायीको सहभागिता रहने अपेक्षा आयोजकले गरेको छ । अहिले नेपालमा उत्पादित सामग्री भारत, इथोपिया, श्रीलंकाजस्ता देशमा पुगेको भन्दै उत्पादित वस्तुको बजारीकरणमा समेत सहयोग पुग्ने उनले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ